मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily


छात्रवृति प्रदान
पृष्ठ ८ मा

वर्ष १ | अंक ५७ | २०७९ साल पुस २१ गते बिहिवार | Thursday 5, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## सम्पतिका लागि सुटर लगाएर आफ्नै बुवाको हत्या

### छोरा, ज्वाईं र सुटर सहित तीन जना पक्राउ, ५ लाखमा डिल



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । सम्पति विवादका कारण सुटर लगाएर आफ्नै बुवाको हत्या गराएको रहस्य खुलेको छ । गत पुस ९ गतेका दिन साँझपख धनुषाको मुखियापट्टी मुसहरनियाका ५० वर्षिय धानुखधारी दासको गोली हानी हत्या गरिएको थियो। सो घटनामा संलग्न रहेको मृतकका छोरा, ज्वाईं र सुटर सहित तीन जनालाई प्रहरीले पक्राउ गरेका छन्। हत्या आरोपमा प्रहरीले मृतकका छोरा २१ वर्षिय प्रदीप दास, मृतकका ज्वाई मधेश प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवलदार ३४ वर्षिय उदय दास र सुटर नगराई २ जटही बस्ने २१ वर्षिय रञ्जित यादवलाई मंगलवार नै पक्राउ गरेको छ।
पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय धनुषाले बुधवार एक पत्रकार सम्मेलन गरी सार्वजनिक - बाँकी पृष्ठ ६ मा

### काकीको क्रुरतापुर्ण हत्या गर्ने पनि पक्राउ



आफ्नै काकीको हत्या गरेको आरोपमा पक्राउ परेका युवकलाई समेत धनुषा प्रहरीले सो पत्रकार सम्मेलनमा सार्वजनिक गरेका छन।
गएको सोमबार धनुषाको विदेह नगरपालिका-७ वेलापट्टि निवासी ३० वर्षीया कवितादेवी साहको क्रुरतापुर्वक हत्या गरेको आरोपमा उनकै भातिज २० वर्षिय दिलिपकुमार साहलाई पुस १३ गते पक्राउ गरेको थियो । सम्पति विवादका कारण दिलिपले आफ्ना काकी कविताको पहिला जबरदस्तीकरणी गरियो। कसैले थाहा नपाउन वा कसैलाई भन्न दिन्छ भन्ने डरले - बाँकी पृष्ठ ६ मा

### सुटरसँग ५ लाखमा डिल

प्रहरीका अनुसार मृतकका छोरा प्रदीपले सुटर रञ्जितसँग घटना घटाउन ५ लाख रुपैयामा डिल गरेका थिए। घटनाको एक महिनाअघि एक लाख रुपैया एडभान्स दिइएको थियो।
हत्याका लागि भारतबाट कटुवा पेस्तोल नाल १, त्यसमा लाग्ने गोली दुई राउण्ड, अटोमेटिक पेस्ताल नाल १, सोको म्यागजीन दुई थान र गोली ८ राउण्ड किनेर कोठामा राखेका थिए।
सुटरलाई पटक पटक गरी ३ लाख १० रुपैया दिइएको अनुसन्धानमा खुलेको प्रहरी प्रमुख खड्का बताए। प्रहरीले घटनामा प्रयोग भएका एकथान नलकटुवा पेस्तोल, सो कटुवामा लाग्ने गोलीको खोका एकथान, अटोमेटिक पेस्तोलमा लाग्ने म्यागजीन एक र अटोमेटिक पेस्तोलमा लाग्ने गोली एक राउण्ड बरामद गरेको छ।
घटना घटाउन मृतका ज्वाईं उदयले मृतकका छोरा प्रदीपलाई आर्थिक सहयोग गरेको थियो । घटना पश्चात पटक पटक गरी उदयरले प्रदीपलाई २ लाख १० दिएको र बांकी - बाँकी पृष्ठ ६ मा

### यसरी बुनियो दास हत्याको योजना

दुई वटा बिहे गरेका धनुखधारीको सम्पतिका लागि छोराछोरी सधैं विवाद हुँदै आएको थियो। जेठी श्रीमतिका छोरा प्रदीप दास बुवा र आफ्ना सौतेनी आमाको छोराछोरीबाट आजित भई बुवा धनुखधारीको नै हत्या गर्ने निष्कर्षमा पुगेर योजना बुनन थाले।
आफ्ना भिनाजुसँग मिलेर योजना बनाई प्रदीपले नगराईन २ निवासी रञ्जित यादवसँग २/३ महिना अगाडि बुवाको हत्या गर्न ५ लाखमा डिल गरेर सुपारी दिए। घटनाको एक महिना अगाडि सुटर रञ्जितलाई हतियार किन्न एक लाख रुपैया एडभान्स समेत दिए। यति मात्र होइन घटनाका लागि प्रदीपले आफ्ना २२० सिसिको पल्सर मोटरसाइकल समेत प्रयोग गर्न दिए। गत पुस ९ गते साँझ करिब सवा ७ बजे धनुखधारी आफ्नै घरको बरामदामा बिग्रीएको दमकल बनाइरहेको बेला योजना अनुसार - बाँकी पृष्ठ ६ मा

## जनकपुरधाममा विद्यालय बन्दको निर्देशन अटेरी गरिदैं



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । तराई मधेशमा अत्यधिक जाडो तथा शितलहर बढेसंगै धनुषामा धमाधम विद्यालयहरु बन्द हुन थालेका छन्।
बालबालिकाको स्वस्थ्यलाई मध्यनजर गर्दै धनुषा जिल्लाका ६ वटा पालिकाले विद्यालय विदा दिएका छन् । जिल्लाको जनकपुरधाम उपमहानगर पालिका, धनुषाधाम नगर पालिका, सबैला नगरपालिका, कमला नगरपालिका, मुखियापट्टी मुसहरनिया गाउँपालिका र औरही गाउँपालिकाले बिदा दिएको हो।
हिँउदे बिद कट्टा हुने गरी सामुदायिक, संस्थागत विद्यालय पालिकाहरुले बिदा दिएका छन् । जनकपुरधाम उपमहानगर पालिकाले मङ्गलबारदेखि बिहीबारसम्म तीन दिनका लागि बिदा दिएको छ। सबैला, कमला, औरही र मुखियापट्टी मुसहरनिया पालिकाले आउँदो शनिबारसम्मका लागि बिदा दिएका छन् । यस्तै, धनुषाधाम नगरपालिकाले पुस २७ गतेसम्मका लागि विदा दिएका छन् । जनकपुरधाम उपमहानगर - बाँकी पृष्ठ २ मा




## तलब नपाउंदा होङ्सी सिमेन्टका कर्मचारी आन्दोलनमा



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । सिमेन्ट व्यापारमा नेपालमा एकछत्र राज गरिरहेको होङ्सी सिमेन्ट प्रालिले कर्मचारी र ट्रक चालकलाई ६ महिनादेखि तलब नदिंदा आन्दोलनमा उत्रेका छन् ।
बजारमा होङ्सीको मात्रै सिमेन्ट बिक्री हुँदा पनि त्यहाँ कार्यरत कर्मचारी, कारखानामा काम गर्ने मजदुर, ट्रक चालकले ६ महिनादेखि तलब नपाउँदा विचल्लीमा परेका छन ।
३० प्रतिशत नेपाली साझेदार शिवम् र हङकङ रेडलाइन सिमेन्ट नम्बर-३ लिमिटेडको ७० प्रतिशत लगानीमा खुलेको होङ्सीले दिनुपर्ने सुविधा माग गर्दा उनीहरूमाथि उल्टै धम्कीपूर्ण भाषा प्रयोग गर्ने गरेको त्यहाँ कार्यरत एक कर्मचारीले बताएका छन्। 'नेपाली बजारमा होङ्सीका उत्पादनको बजार हिस्सा २५ प्रतिशतमाथि छ । तर, मजदुर - बाँकी पृष्ठ २ मा

शक्तिमान रोटावेटर
पाँच पटकको जोताई एक पटकमा

SHAKTIMAN
MAKING AGRICULTURE MORE ECONOMICAL
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९

# ओबीसी महासंघका अध्यक्ष ठाकुर निलम्बित



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । नेपाल पिछडावर्ग महासंघ (ओबिसी) का अध्यक्ष गजेन्द्र ठाकुरलाई निलम्बन गरिएको छ ।

अध्यक्ष ठाकुरले महासंघको निर्णय विपरीत मंसिर ४ गते सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनमा रौतहट क्षेत्र नं. १ (ख) बाट स्वतन्त्र उम्मेदवारी दिएकोले उनलाई निलम्बन गरिएको महासंघका महासचिव बबिता देवीले बुधवार एक पत्रकार सम्मेलन गरी जानकारी दिएका छन् ।

महासंघका महासचिव बबिता देवी, सचिव महेन्द्र महतो र केन्द्रीय प्रवक्ता शशी कुमार महतो लगायतकाले बुधबार जनकपुर धाममा पत्रकार सम्मेलनको आयोजना गरि अध्यक्ष ठाकुरलाई बहुमत सदस्यको बैठकबाट निलम्बन गरिएको जानकारी दिए । प्रदेशसभा सदस्य पदको निर्वाचन अन्तर्गत चुनावी गतिविधिहरुमा अध्यक्ष ठाकुरले संस्थाको लोगो र झण्डा प्रयोग गरेको कुरा उनको फेसबुक पेजबाट पुष्टि भएको महासचिव बबिता देवीले बताइन् ।

अध्यक्ष ठाकुरले महासंघलाई आफ्नो परिवारिकतन्त्र बनाउने सोचले आफ्नो पत्नीलाईसमेत केन्द्रीय समितिमा राखेकोले केन्द्रीय कमिटीको साउन १५ गतेको निर्णय अनुसार उनलाई स्पष्टिकरण सोधिए पनि उनले हालसम्म कुनै स्पष्टिकरण पेश नगरेको प्रवक्ता महतोले भने ।

अध्यक्ष ठाकुरले स्पष्टिकरण पेश नगरि उल्टै केन्द्रीय प्रदाधिकारीहरुलाई गालीगलौज गरेकोले केन्द्रीय कमिटीको साउन १८ गतेको निर्णय अनुसार उनलाई ३ बर्षका लागि साधारण सदस्य समेत नरहने गरि निलम्बन गरिएको सचिव महेन्द्र महतोले जानकारी दिए । साथै पुस २२ गते काठमाडौंको अनामनगरमा हुने भनिएको महासंघको साधारणसभासमेत स्थगित गरिएको उनले बताए । उनले आगामी माघ ६ र ७ गते जनकपुरधाममा महासंघको विषेश महाअधिवेशन हुने जानकारी दिएका छन् ।

नेपाल पिछडावर्ग महासंघले आजिवन सदस्य/सक्रिय सदस्यहरुलाई पुस २९ गतेसम्म आफ्नो सदस्यता प्रमाण लिई देवी चौकस्थित केन्द्रीय सर्म्पक कार्यालयमा अभिलेखीकरण गराउन समेत अनुरोध गरेका छन् ।

# एमाले मधेस प्रदेशको दलको नेतामा यादव चयन



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । नेकपा एमाले मधेस प्रदेशको संसदीय दलको नेतामा सरोज कुमार यादव चयन भएको छ ।

बुधवार विहान जनकपुरधाममा पार्टीको संसदिय समितिको बसेको बैठकबाट यादवलाई दलको नेतामा सर्वसम्मतले औपचारिक रुपमा चयन गरिएको हो । त्यस्तै, दलको उपनेतामा भने धनुषाका दिपेन्द्र ठाकुर चयन भएका हुन् ।

मंगलबारदेखि जारी बैठकमा आकांक्षीहरु बढी भएको र दलको नेताका लागि सबैले आ-आफ्नै दाबी प्रस्तुत गर्दा सहमति बन्न नसकेपछि बुधवार बिहान समितिको बैठकबाट दलको नेता सर्वसम्मतिबाट टुंगो लगाइएको छ ।

नेकपा एमालेको केन्द्रीय सदस्य समेत रहेका नेता यादव महोत्तरी क्षेत्र नं. ४ (क) बाट निर्वाचित हुन् भने उपनेता ठाकुर भने धनुषा ३ (ख) बाट निर्वाचित भएका हुन । दलको नेताका लागि रामचन्द्र मण्डल, हरिनारायण महतो, राजकुमार लेखी, शारदा देवी थापा लगायतकाहरु दाबेदार थिए । मधेस प्रदेश सभामा नेकपा एमालेका २३ जना सांसद निर्वाचित छन् ।

# नेपाल टी २० फिक्सिङ बारे सिआईबी अनुसन्धान थाल्यो



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बेटिङ र फिक्सिङको विवादमा रहेको नेपाल टी-२० लिगबारे अनुसन्धान थालेको छ ।

प्रहरी उपरीक्षक (एसपी) नेतृत्वको टोलीले छानबिन अगाडि बढाएको हो । प्रहरीले प्रतियोगितामा बेटिङ र फिक्सिङको कनेक्सन खोजिरहेको छ ।

मंगलबारमात्र नेपाली क्रिकेट टीमका पूर्वकप्तान एवं काठमाडौं नाइट्सका कप्तान ज्ञानेन्द्र मल्लले पनि आफ्नै टीमका एक खेलाडीलाई फिक्सरले एप्रोच गरेको बताएका थिए । सो विषयमा अनुशासन समितिमा आफूहरूले रिपोर्टसमेत गरेको उनले जानकारी गराए ।

ज्ञानेन्द्रको उक्त अभिव्यक्तिपछि सीआईबीले यसलाई अझ गम्भीररूपमा अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानमा नेपाली खेलाडीको पनि भूमिका शंकास्पद देखिएको बताइएको छ ।

केही नेपाली खेलाडी भारतमा बसेर फिक्सिङका लागि प्रस्ताव गरेको सूचना पाएको एक अनुसन्धान अधिकारी बताउँछन् । ती अधिकारीले नेपालका लागि खेलिसकेका ती खेलाडी को हुन् भनेर खुलाएका छैनन् ।

यसअघि प्रतियोगितामा कमेन्ट्री गरेका सचिन तिमल्सिनाले पनि फेसबुक लाइभमा आउँदै नेपाली खेलाडीमाथि आशंका गरेका थिए । उनले आफूले हरेक बललाई नजिकबाट नियालेको भन्दै एक नेपाली अलराउन्डरको गतिविधिमाथि प्रश्नसमेत उठाए उठाएका थिए । सचिनले ती खेलाडीको नाम भने भनेनन् ।

गत महिना त्रिवि क्रिकेट मैदानमै भएको नेपाल र यूएईबीचको खेलमा बेटिङ गरिरहेको आशंकामा ३१ जना भारतीय पक्राउ परेपछि सीआईबीले सम्भावित गतिविधिलाई ध्यानमा राखेर नेपाल टी-२० लाई पनि निगरानीमा राखेको थियो । त्यतिबेला पनि सीआईबीकै टोलीले उनीहरूलाई पक्राउ गरेको थियो ।

'बेटिङको विषय नयाँ होइन तर जसरी फिक्सिङको कुरा आइरहेको छ अहिले हामीले प्रमाण खोजिरहेका छौं । बेटिङ र फिक्सिङबीचको कनेक्सन हेरिरहेका छौं', एक अनुसन्धान अधिकारीले बताएका छन् ।

# भारतीय महिलाको शव बरामद



मधेशदृष्टि
जनकपुरधाम, २० पुस । धनुषामा वेवारिसे अवस्थामा एक भारतीय महिलाको शव फेला परेको छ ।

जिल्लाको जनकनन्दिनी गाउँपालिका वडा नम्बर-१ मा स्थानीय मनोज यादवको खेतको पूर्व डिलमा रुखमुनि एक भारतीय नागरिकको शव फेला परेको हो । बेबारिसे अबस्थामा फेला परेको करिब ५५ वर्षीया महिलाको सनाखत हुन नसकेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरिक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् । मृतक महिलाको झोलामा खोजबिन गर्दा सानो चिटमा भारतीय नम्बर फेला परेको र सो नम्बरमा फोन गर्दा भारतको मुज्जफरपुर बस्ने महिला रहेको बुझिएको प्रवक्ता क्षेत्रीले बताए । उनका अनुसार चिसोले कठयाग्रिएर उनको मृत्यु हुन सक्ने प्रारम्भिक अनुसन्धानमा देखिएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# अवैध क्रसर उद्योग बन्द गराउन गृहको निर्देशन

मधेशदृष्टि
जनकपुरधाम, २० पुस ।

अवैधानिक रुपमा संचालनमा रहेका क्रसर उद्योग बन्द गराउन गृहमन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । कानून विपरीत, दर्ता नगरी तथा नवीकरण नभएका, संचालन अनुमति नलिई सञ्चालनमा रहेका ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगलाई तत्काल बन्द गर्न वुधबार मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै निर्देशन दिएको छ । त्यस्तै, विभिन्न आयोजना, विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिणाममा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग, निर्माण व्यावसायीले आयोजना समाप्त भएपश्चात पनि त्यस्तो उत्खनन् कार्य गरिरहेको भए सो समेत छानबिन गरी तत्काल बन्द गर्न निर्देशन दिएको मन्त्रीको सचिवालयले जनाएको छ ।



## जनकपुरधाममा विद्यालय बन्दको....

पालिकाले तीन दिनसम्म विदा दिएपनि मंगलवार र बुधवार विद्यालयहरुले अटेर गरेका छन । जनकपुरधाम स्थित श्री संकटमोचन देवशरण रामरती उच्च माध्यमिक विद्यालयले अर्धवार्षिक परिक्षाको नाममा विद्यालय खुल्ला नै राखे भने निजी विद्यालयहरु समेतले उपमहानगरपालिकको निर्देशन अटेर गर्दै विद्यालय खुल्ला नै राखे ।

जनकपुरधाम स्थित निजी विद्यालयहरुले तेश्रो त्रैमासिक परीक्षा जारी रहेको कारण विद्यालय बन्द गर्न मिलेन भनी उपमहानगरपालिकाको निर्देशन अटेर गरेका छन । तिनीहरुले परीक्षाको मिति पहिला नै तोकि सकिएकाले विद्यालय बन्द नगरिएका प्रतिक्रिया दिएका छन् ।

जिल्ला शिक्षा समन्वय इकाई समिति धनुषाका प्रमुख युक्तप्रसाद शर्माले केही दिनदेखि मौसममा आएको परिवर्तनका कारण चिसो र शीतलहर बढेका हुनाले पठनपाठनमा कठिनाई पुगेको र बालबालिकाको स्वास्थ्यमा समेतमा असर पर्न थालेपछि पालिकाहरुले विद्यालय बिदा दिइएको बताए ।

चिसो र शीतलहरका कारण तराई मधेशका जिल्लामा जनजीवन कष्टकर बनेको छ । चिसोका कारण दुधे बालक र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । चिसो बढ्दै गएपछि अस्पतालमा रुघाकोखी, ज्वरो, श्वासप्रश्वास, निमोनिया लगायतका बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ ।

## तलब नपाउंदा होड्सी ..................................

तथा कर्मचारी र चालकलाई ६ महिनादेखि तलब दिएको छैन,' ती कर्मचारीले भने, 'तलब चाहियो भनेर माग्दा जागिर छाड्न धम्की दिने गरेका छन ।

उद्योगको व्यवस्थापकीय नेतृत्व सबै चिनियाँले लिएका छन् । चीनबाटै आएका व्यक्तिलाई महाप्रबन्धकको जिम्मेवारी दिइएको छ । तर, उनी नेपाली भाषा बुझ्दैनन् र कर्मचारीका कुरा सुन्न पनि चाहँदैनन् ।

नवलपरासी पूर्वनवलपुरको सर्दीमा रहेको होड्सी सिमेन्ट उद्योगमा ढुवानी काम गने ' व्यवसायीले ६ महिनादेखि आफूहरूले पाउनुपर्ने रकम भुक्तानी पाउन नसकेपछि आन्दोलनमा उत्रिएको बताए । स्थानीयसहित व्यवसायीले उद्योग परिसर अगाडि प्रदर्शन गरी ढुवानीका सबै काम रोकेका छन् । अत्यावश्यकबाहेक सबै ढुवानीका काम रोकेर आफूहरू आन्दोलित भएको व्यवसायी यादव पौडेलले बताए ।

बैंकहरूले किस्ता नतिरेको भनेर गाडी तानेको र चिठी काटेर तनाव दिइरहेको पौडेलले बताए । तर, उद्योगले भुक्तानीका लागि आलटाल गरिरहेको उनको भनाइ छ। उद्योगमा आवश्यक खाद्यान्न लैजाने, ढुवानीका काम गर्नेदेखि सबै होटल व्यवसायीको उधारो रकम भुक्तानी नहुँदा समस्या परेकाले आन्दोलनमा उत्रिनुपरेको उनले भने ।

उद्योगले स्थापना ताका स्थानीयरूपमा गर्ने भनेको कामसमेत नगरको स्थानीयको भनाइ छ। वरपरको वातावरण स्वास्थ्यमा प्रतिकूल हुन नदिने, स्वास्थ्य, कृषिमा आवश्यक लगानी गरी सुविधा दिने भन्ने उद्योग स्थापनाका विषयमा कुरा भएको भए पनि हाल त्यसप्रति उद्योग प्रशासन गम्भीर नबनेको पौडेलको भनाई छ ।

चिनियाँ र नेपाली लगानीकर्ताको संयुक्त लगानीमा स्थापित उद्योगको कूल उत्पादन क्षमता भने दैनिक १२ हजार टन छ । उद्योगले सन् २०१८ मार्चदेखि सिमेन्ट र सोही वर्ष मेदेखि क्लिंकर उत्पादन थालेको थियो । होङ्सी सिमेन्टको मुख्य लगानी रहेको यस उद्योगमा नेपालको शिवम् सिमेन्टको व्यवस्थापन छ । कम्पनीको चुक्ता पुँजी साढे ३६ अर्ब रुपैयाँ बराबर छ ।

उद्योगले ६ अर्ब ५० करोड रुपैयाँ ऋणको रेटिङ गराएको छ । होङ्सीले सिमेन्ट र कच्चा वस्तु क्लिंकर उत्पादन गर्दै आएको छ । गत वर्ष होङ्सीले १७ अर्ब ४ करोड रुपैयाँ सञ्चालन आम्दानी गरेको उसैले सार्वजनिक गरेको वित्तीय विवरणमा उल्लेख छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ्भा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# ६ महिना बित्न लाग्दा पनि बौधिमाई नगरपालिकाले बजेट ल्याउन सकेन

विकास अग्रवाल
रौतहट, २० पुस ।



रौतहटको बौधिमाई नगरपालिकाले हालसम्म बजेट ल्याउन नसक्दा नगरको विकास निमार्णका साथै विद्यालयको दिवाखाजा प्रभावित बनेको छ ।
आर्थिक वर्ष सुरु भएको ६ महिना बितिसक्दा पनि नगरपालिकाले बजेट ल्याउन नसक्दा विकास निमार्णका कार्य, विद्यालयमा सञ्चालन हुने दिवाखाजा तथा कर्मचारीहरुलाई वितरण गरिने तलब भत्ता प्रभावित बनेको हो ।
नगरपालिकाको विभिन्न समिति तथा उपसमिति गठन प्रकृयामा कार्यपालिका सदस्यहरुबीच विवाद बढदै गएर नगर सभा नहुँदा बजेट रोकिएको बताईएको छ । पटक पटक कार्यपालिका सदस्यहरुको बैठक बसेको भएपनि नगरसभा गरेर बजेट ल्याउन पक्ष विपक्ष बीच विवाद उत्पन्न हुँदा नगर सभा कहिले गर्ने विषयमा अन्यौल हुने गरेको छ । पछिल्लो पटक कार्यपालिका सदस्य सहित नगरपालिकाका निर्वाचित जनप्रतिनिधीहरुले लाखौं खर्चेर चार दिनसम्म धुमधाम गर्दे रमाइलो गरेर फर्केपनि विवाद कायमै रहेको जनाईएको छ । गत बैशाखमा स्थानीय तलको सम्पन्न निर्वाचन पश्चात असार १० गते नगरसभा हुनु भन्दा अघि ८ पटकसम्म कार्यपालिकाको बैठक बसेको तथा हालसम्म करिब ५० औं पटकसम्म कार्यपालिकाको बैठक बसेको भएपनि काम हुन नसकेको नगरपालिकाले जनाएको छ ।
बैठकमा आर्थिक समिति, पूर्वाधार विकास समिति लगायत पाँच वटा मूल समिति र सात वटा उपसमिति गठन प्रक्रियामा कार्यपालिका सदस्यबिच मतभेद उत्पन्न हुँदा नगरसभा प्रभावित बनेको निमित्त प्रशासकीय अधिकृत रामेश्वर राय यादवले बताए । नगरपालिकाले बजेट ल्याउन नसक्दा विकास निमार्ण, तलब भत्ता, विद्यालयहरुमा सञ्चालन हुने दिवा खाजालगायतका धेरै जसो कार्य प्रभावित बनेकोले उनले जानकारी दिए ।
यता ६ महिना देखि बजेट सञ्चालन नहुँदा उद्यारोमा सञ्चालन हुँदै आएको दिवाखाजा अहिले प्रभावित बनेको शिक्षकहरुको गुनासो रहेको छ । उद्यारोमा खाद्यान्न पाउँदै आएको थिए सरमुजवा स्थित श्री माध्यमिक विद्यालयका एक शिक्षकले भने अहिले खाद्यान्न पाउन सकेका छैनौं । जसोतसो दिवाखाजा सञ्चालन गर्दे आएपनि अहिले विद्यार्थीहरुलाई दिवाखाजा खुवाउन नसकेको उनले जानकारी दिए । यता शिक्षकहरुले समेत तलब भत्ता पाउन नसकेको कारण पठ्नपाठ्न समेत प्रभावित बन्दै गएको अर्का शिक्षक रामएकवाल यादवले भने शिक्षकहरुले रकम नपाउँदा कतिदिनसम्म बिना रकमको पठनपाठ्न गर्छ त्यसैले शिक्षकहरु मनपरी ढंगबाट विद्यालय आउने र जाने गरेका छन् । संघ र प्रदेशको निर्वाचन पश्चात पाँच पटकसम्म बसेको बैठकमा पालिकाका सबै सदस्य साकारात्मक देखिएकोले केही दिनभित्र नगरसभा बस्न पत्राचार गरिने पालिका प्रमुख प्रदीपकुमार यादवले बताए । बजेट पारित हुनेमा आफु विश्वस्त रहेको छु प्रमुख यादवले भने वार्षिक बजेट नआउँदा पालिकामा विकास निमार्णका साथै तलबभत्ता, दिवाखाजा प्रभावित बनेको छ ।

# शिक्षामा सुधारगर्न नगरपालिका लागि परेको छ : मेयर पोखरेल

मुकेश कुमार यादव
सिरहा, पुस २० ।



विद्यालय शिक्षामा सुधारको लागि नगरपालिकाले समिति बनाएरै काम सुरुगरेको कर्जन्हा नगरपालिकाका प्रमुख भोला प्रसाद पोखरेलले जनाएको छ ।
मुक्ति नेपालको सहकार्यमा वडा नम्वर ११ को आयोजनामा 'वडाका सेवा सुविधा चुस्त, दुरुस्त, जनमुखि तथा प्रभावकारी सेवा प्रवाहका लागि सार्वजनिक सुनवाई' कार्यक्रमलाई सम्वोधन गर्दै नगर प्रमुख पोखरेलले विद्यालय शिक्षा सुधार आवश्यक ठानेर नगरले समिति वनाएरै काम अगाडी बढाएको बताए ।
सार्वजनिक सुनवाई कार्यक्रममा उपस्थित सहभागीहरुले सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था कमजोर रहेको गुनासो गरेपछि नगर प्रमुख पोखरेलले सार्वजनिक शिक्षामा सुधारको लागि समिति बनाएर काम अगाडी बढाएको बताएका थिए । उनले भने, 'म आफैले पनि शिक्षाको दुरावस्था देखेको छु, कसरी सुधार गर्न सकिन्छ भन्ने लागेर जनप्रतिनिधी र प्रअहरु सम्मिलित समिति गठन भएको छ । समितिले दिएको सुझावको आधारमा शैक्षिक योजना बन्छ ।'
मेयर पोखरलेले शिक्षा र स्वास्थ्यका क्षेत्रमा भएका जानशक्तिलाई ठिक-ठिक ढङ्गले परिचालन गर्न मातहतका शाखाहरुलाई निर्देशन पनि दिए । उनले भने, 'हामीसँग भएका सवै जनशक्ति सहि ढङ्गले परिचालन होस्, स्वास्थ्यमा औषधी छैन, अपुरो छ, सकिएको छ, भन्ने सुन्न नपरोस् ।'
कतिपय कामहरु दशैं र निर्वाचनका आचारसंहिताका कारण गर्न नसकिएको भन्दै ति कामहरुपनि अव सुरुहुने बताए । धेरै विद्यालयहरुमा खाली रहेका दरवन्दिमा शिक्षक नियुक्त गर्नुपर्ने काम निर्वाचन आचारसंहिताका कारण रोकिएको बताउँदै मेयर पोखरलले अव चाँडै ती कामहरु सुरु गर्ने बताए ।
जनमत पार्टीका अशोक साहले विद्यालयको भौतिक पूर्वाधर विकासमात्र प्रगति नभएको बताए । उनले ११ नम्वर वडामा रहेका ३ वटा आधारभुत र एउटा माध्यमिक विद्यालयका प्रअहरुले पूर्वाधार विकासलाई प्रगति विवरणमा प्रस्तुत गरेको प्रति औंल्याउँदै भने, 'कति नयाँ डेक्स वेन्च थपियो, भवन बने वा विद्यालयका भवनहरु रंग्याइयो भन्दा पनि कति विद्यार्थी बढे, शैक्षिक गुणस्तरमा कति सुधार आयो भन्ने प्रगति जरुरी छ ।'
विद्यालयले निःशुल्क शिक्षा भनेपनि विभिन्न नाममा रकम असुल्ने गरेको प्रति अभिभावहरुले दुखेसो पोखेका थिए ।
आयोजक वडा नम्वर ११ का अध्यक्ष किश्मत राईले वडाका कुनैपनि विद्यार्थीले पैसा छैन भनेर पढाइबाट वञ्चित हुनु नपर्ने बताए । उनले भने, 'मेरो वडाको कुनैपनि विद्यार्थीले पैसा नभएकै कारण १२ कक्षा सम्मको बढाई छोड्नु पर्दैन, न्यून आयभएका विद्यार्थीहरुलाई वडाले पढाईखर्च व्यवस्था गर्छ।'
उनले शिक्षा समाजको विकास मूख्य मेरुदण्ड भएको बताउँदै वडा अध्यक्ष राईले भने, 'पूर्वाधार विकासको काम पनि हुँदै गर्छ तर वडाबासी शिक्षाबाट बञ्चित हुनुहुँदैन।'
सार्वजनिक सुनवाई कार्यक्रममा मुक्ति नेपालका कार्यकारी निर्देशक श्याम कुमारी साहले सार्वजनिक सरोकारका निकायले चुस्त, दुरुस्त, तथा प्रभावकारी सेवा प्रवाहमा जोड दिनुपर्ने बताए। उनले सार्वजनिक सेवा प्रदायक संस्थाहरु अझै जनमुखि हुन नसकेको बताए । अवका दिनमा सवैले आ-आफ्नो जिम्मेवारी बोधगर्न सके जनताले राहत पाउने बताए । सार्वजनिक सुनवाई कार्यक्रममा वडाले गरेका प्रगति र प्रस्तावित योजनाहरु प्रस्तुत गरेका थिए । सोही क्रममा वडाक्षेत्र भित्र रहेका जनसेवा माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मी राय, जनता आधारभुत विद्यालयका प्रअ अनिता महतो, आधारभुत विद्यालय हटलेटवाका विनोद विश्वकर्मा र आधारभुत विद्यालय बस्तिपुरका अमिता महतोले आ-आफ्नो विद्यालयका प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।
त्यसैगरी स्वास्थ्य चौकी बगहाका प्रमुख ज्योती महतोले स्वास्थ्य गतिविधि प्रस्तुत गरेका थिए ।
सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न दलका प्रतिनीधि, सामाजिक अगुवा, बुद्धिजिवी तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# गुजरामा राष्ट्रपति रनिङ मावि स्तरीय प्रतियोगिता सुरु



आरके श्रीवास्तव
गरूडा, पुस २०
रौतहटको गुजरा नगरपालिकामा राष्ट्रपति रनिङ माध्यमिक बिधालय स्तरीय प्रतियोगिता २०७९ सुरु भएको छ । बुधबारदेखि सुरु भएको प्रतियोगीता तीन दिन सम्म चल्ने आयोजकले जानकारी गराएको हो ।
स्वास्थका लागि खेलकुद,राष्ट्रका लागि खेलकुद भन्ने नाराका साथ आयोजन गरिएको प्रतियोगिताको उद्धघाटन सत्रको प्रमुख अतिथिको रूपमा नगर प्रमुख सन्तलाल चौधरी रहेका थिए भने विशिष्ट अतिथिको रूपमा उप प्रमुख रत्ना लामा रहेकी थिए । संजय कुमार चौधरीको अध्यक्षता सम्पन्न भएको कार्यक्रमलाई सञ्चालन मुरारी गिरीले गरेका थिए ।
गुजरा नगरपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखाको आयोजनामो वडा नम्बर ४ स्थित श्री कंकाली माध्यमिक बिधालयमा प्रतियोगिता चलिरहेको छ । प्रतियोगितामा नगरभरि रहेका ६ वटा माध्यमिक बिधालयका बिधार्थीहरू बिच प्रतियोगिता भइरहेको छ। राष्ट्रपति रनिङ मावि स्तरीय प्रतियोगितामा श्री कंकाली मावि जंगलसैया,श्री मावि कनकपुर,श्री मावि सिमराभवानीपुर,श्री जनप्रिय मावि मावि हरिनगर मैढा,श्री मावि रंगपुर,श्री मावि कटानीका बिधार्थीहरू सहभागी रहेको गुजरा नगरपालिकाका शिक्षा शाखा प्रमुख शिवमंगल साहले जानकारी गराए । प्रतियोगितामा ६ वटा ईभेन्टको खेल हुने बताइएको छ । प्रतियोगितामा भलिबल, कबडी, हाई जम्प, लंग जम्प, दौड, सर्ट फुटको खेल हुने साहले जानकारी गराए । प्रतियोगिताको पहिलो दिन भलिबल र कबडी खेल भएको उनले बताए । सो अवसरमा नि.प्रमुख प्रशासकीय अधिकृत बिनोद जयसवाल,वडा नम्बर ४ का वडा अध्यक्ष झमक प्रसाद चौलागाई,कार्यपालिका सदस्य बिजय साह बनिया सहित सबै बिधालयका शिक्षक,शिक्षिका,बिधार्थी,स्थानिय भद्रभलादमीहरुको सहभागिता रहेको थियो ।

# जनमत पार्टीको नगर स्तरीय समिति गठन



आरके श्रीवास्तव
गरुडा,पुस २० गते
रौतहटको गुजरा नगरपालिकामा जनमत पार्टीको नगर स्तरीय समिति गठन भएको छ । नगरपालिकाको वडा नम्बर ७ परसवामा नगर समिति गठनको लागि भेला बोलाइएको थियो । भेला बाट नयाँ तदर्थ समिति गठन भएको छ । कार्यक्रमको प्रमुख अतिथीको रुपमा क्षेत्रिय पर्यवेक्षक इ.कृष्ण कुमार साह लगायत पूर्व जिल्ला अध्यक्ष तथा सांसद प्रत्यासी रामेश्वर राय यादवको विशेष उपस्थिती रहेको थियो ।
गठित समितिको अध्यक्षमा रामधारी चौधरी,उपाध्यक्षमा उमाशंकर धामी,धिरेन्द्र कुमार यादव, महिला उपाध्यक्षमा ध्रुवपति देवी,कोषाध्यक्षमा रामशरण साह,सचिवमा लक्ष्मीनारायण चौधरी,सह सचिव बालमिकी चौधरी सहित १७ सदसिय रहेका छन् । सो अवसरमा जनमत पार्टीका नेताकार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।
जनमत पार्टीले जिल्लाभरीमा गत मंसिर ४ गते सम्पन्न निर्वाचन केन्द्रित समिक्षा भेला तथा संगठन विस्तार कार्यक्रम जारी राखेको जनमत पार्टीको तर्फ बाट फतुवा बिजयपुरका मेयर प्रत्यासी कृष्णा कुमार साहले जानकारी गराउनु भयो । जनमत पार्टीले बिहिवार कटहरियामा क्षेत्रिय कार्यक्रम राखेको छ भने शुक्रवार पार्टी प्रवेश कार्यक्रम राखेको साहले बताए ।

# स्वतन्त्र सांसद किरण साहले गद्दारी गरेको अभियानको समिक्षा भेलाको ठहर



आरके श्रीवास्तव
गरुडा, पुस २०
पूर्व मन्त्री प्रभु साहको नेतृत्वमा गठित स्वतन्त्र उम्मेदवार जिताउ अभियान रौतहटको समिक्षा भेला सम्पन्न भएको छ ।
भेलामा गत मंसिर ०४ गते सम्पन्न प्रतिनिधी सभा र प्रदेश सभाको चुनाव बारे छलफल गरिएको छ । समिक्षा भेलाले रौतहट क्षेत्र नम्बर २ बाट स्वतन्त्र रुपमा निर्वाचित प्रतिनिधी सभा सदस्य किरण साहले गद्दारी गरेको निषकर्ष निकाल्दै आक्रोश व्यक्त गरिएको जिल्ला संयोजक त्रिभूवन साहले बताएका छन् । स्वतन्त्र उम्मेदवार जिताउ अभियानको प्रभावले सांसद साह चुनाव जितेपनि अहिले आएर धोखा दिनु निन्दनिय कार्य भएको उनले बताए ।
जिल्लाको बैद्धिमाइ नगरपालिकाको बंकुलमा क्षेत्र नम्बर २ को चुनावी समिक्षा भेला बोलाइएको थियो । सो भेलाको अध्यक्षता पूर्व वार्ड अध्यक्ष रामबाबु कुशवाहाले गरेका थिए भने प्रमुख अतिथीको रुपमा स्वतन्त्र उम्मेदवार जिताउ अभियानका जिल्ला संयोजक त्रिभूवन साह अमर रहेका थिए । कार्यक्रमको विशिष्ट अतिथीको रुपमा देवाही गोनाही नगरपालिकाका पूर्व नगर प्रमुख धर्मेन्द्र पटेल रहेका थिए ।
सो समिक्षा भेलामा पूर्व वार्ड अध्यक्ष श्रीभगवान पटेल,अनिल झा,उपमेयर प्रत्यासी फुलबदन देवी सहित स्वतन्त्र उम्मेदवार जिताउ अभियानका नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।

# प्रदेश सरकारले पूर्वाधार बिनै विश्वविद्यालय बनाउनु गलत : अध्यक्ष डा.दत्त



मधेशदृष्टि
जनकपुरधाम,पुस २०
मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले प्रदेश सरकारहरुले पूर्वाधारहरुको तयारी नगरी धमाधम विभिन्न विश्वविद्यालयहरुको स्थापना गर्नु गलत रहेको बताएका छन् ।
मधेश कृषि विश्वविद्यालयको अवलोकन गर्न पुगेका अध्यक्ष डा.दत्तले नामको लागि मात्र नभएर पूर्वाधार तथा बजेटको उचित व्यवस्थापन गरी विश्वविद्यालय बनाउनुपर्ने कुरामा जोड दिएका छन् । अध्यक्ष डा.दत्तले विना बजेट र पूर्वाधारको विश्वविद्यालयले शैक्षिक स्तरमा अभिबृद्धि गर्न नसक्ने समेत बताएका छन् । आयोगका अध्यक्ष डा.दत्तलाई विश्वविद्यालयका उपकुलपति वैद्यनाथ महतो र रजिस्ट्रार भगवान ठाकुरले विश्वविद्यालयको गतिविधि बारे जानकारी गराउदै विश्वविद्यालय संग अहिले आफ्नो भवन र जग्गा नरहेको तथा एउटा स्कुलको भवनलाई भाडामा लिएर विश्वविद्यालय संचालन गरिरहेको बताएका छन् ।
प्रगती विवरणको जानकारी लिएपछि अध्यक्ष डा.दत्तले पदाधिकारीहरुले विना बजेट तथा पूर्वाधार धेरै काम गरेको प्रसंशा गर्दै विश्वविद्यालयलाई देशकै नमुना तथा उत्कृष्ट बनाउन आयोगले समन्वयात्मक भूमिका खेल्ने समेत प्रतिबद्धता व्यक्त गरेका छन् ।

# बुहारीको भाटा प्रहारबाट सासुको मृत्यु

मधेशदृष्टि
सिरहा, पुस २०
सिरहामा बुहारीले भाटा प्रहार गर्दा एक जेष्ठ नागरिकको मृत्यु भएको छ। सिरहाको धनगढीमाई नगरपालिका ६ मोतियाहीकी ४२ वर्षिय चन्दादेवी महतोलेको भाटा प्रहारबाट आफ्नै सासु ७२ वर्षीया दरपी कोईरीको बुधबार विहान मृत्यु भएको हो ।
घरायसी विवादमा चन्दा देवीले बाँसको भाटा प्रहार गर्दा दरपीको घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी सुवास बुढाथोकीले जानकारी दिए ।
घटनाको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले हत्या अभियोगमा बुहारी चन्दा देवीलाई नियन्त्रणमा लिएको छ। घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# मटिहानी नगरपालिकाद्वारा एकीकृत सेवा शुरु

मधेशदृष्टि
महोत्तरी, २० पुस । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले पालिका र वडाहरुबाट प्रदान गर्ने सम्पूर्ण सेवाहरु जनताको घरदैलोमै पुर्याउने उद्देश्यले एकीकृत घुम्ती सेवाको शुरुवात गरेको छ ।
सो सेवाको बुधवार वडा नम्बर १ को धिरापुरमा एक कार्यक्रम बीच महोत्तरी क्षेत्र नं. ३ (क)का प्रदेश सभा सदस्य अभिराम शर्मा र मटिहानी नगरपालिका नगर प्रमुख हरि प्रसाद मण्डलले संयुक्त रुपमा उद्धाटन गरेका छन् ।
सो अवसरमा प्रदेशसभा सदस्य शर्माले जनताको घरदैलोमा सरकारको सेवा पुग्नु आवश्यक रहेको भने । त्यसैगरी मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले वडा र बालिकाको सेवा एकीकृत रुपमा जनतासामु पुर्याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको भने ।
कार्यक्रममा मटिहानी नगर पालिकाका नगर उपप्रमुख मंजु देवी साह, वडा नं. १ का वड़ा अध्यक्ष शिवशंकर कुमार राय, नाजिर राईन, कलीम अंसारी, रितेश साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, योजना अधिकृत राजेश शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह,सम्पूर्ण शाखाका शाखा प्रमुखहरु लगायतका सहभागी रहेका थिए ।
पुस २० गते देखि प्रारम्भ भएको सो सेवा नगरका ९ वटै वडाहरुमा सञ्चालन गरिने कुरा नगरपालिकाको कार्यालयले जनाएको छ ।
घुम्ती शिविरबाट योजना सम्बन्धि अभिमुखीकरण, योजना समझौता, व्यवसाय दर्ता तथा नविकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रको लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण,माटो परीक्षण (कृषि कार्यका लागि) कृषि मीटर सिफारिस तथा तरकारीको मिनी किट वितरण, गोबर र गर्भ परीक्षण, पशुपंक्षी सम्बन्धी परामर्श तथा औषधी वितरण, राजस्व असुली, गरिब परिचयपत्र वितरण, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सम्पूर्ण सेवाहरु दिइनेछ ।

सम्पादकीय

## जसपाको अलमल

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी(जसपा)ले सरकारमा सहभागि हुने वा सरकार बाहिरै बस्ने टुंगो लगा( उन सकेको छैन ।पार्टी अध्यक्ष उपेन्द्र यादव सप्तरी २ बाट नराम्रोसँग पराजित बन्नु र पार्टीको हैसियत खुम्चदैं जानुले पार्टी पङ्तीमा निराशा छाएको देखिन्छ भने नेतृत्व पङ्ती 'सम्मानजनक शक्ति बाँफाँड' राजनीतिक मागमा अलमलि( एको छ । हालै सम्पन्न पार्टीको राजनीतिक समुहको बैंठक पछि आएको सम्मानजनक शक्ति बाँडफाँडको अवधारणा अन्यौलग्रस्त राजनीतिको उपज हो। राजनीतिक समुहमा अर्ि( धकांश सदस्यहरुले सरकारमा सहभागि हुने धारणा राखेपछि 'सम्मानजनक शक्ति बाँडफाँड'को सूत्र प्रतिपादन गरिएको भएपनि कस्तो राजनीतिक शक्ति बाँडफाँड स्पट हुन सकेको छैन र पार्टीको आधिकारिक नेतृत्वले कार्यकर्तालाई बुझाउने आवश्यकता ठानेका छैनन् । ।सम्मानजनक शक्ति बाँडफाँड भए सरकारमा जाने नभएपनि सरकारलाई समर्थन गर्ने नीति लिएको जसपाले सार्वजनिक खपतका निम्ति न्यूनतम एजेण्डा सम्बोधन हुनुपर्ने मुद्धा पनि अघि सारेको छ ।

पार्टी अध्यक्ष उपेन्द्रले अख्तियार गर्दे आएको राजनीतिको १५ वर्ष यताको विश्लेषण गर्नेहरु यादवले सत्ता बाहिर बस्न( नसक्ने परिचय कमाका छन् र जुनसुकै अवस्थामा पार्टी राजनीतिको शीर्षमा आफैलाई राख्दै आएका छन् । सत्ता बिना पानी बिनाको माछाको हैसियतमा उपेन्द्र छटपटिने भएकोले अहिले जसपा उनकै कारण अनिर्णयको बन्दि बनेको देखिदैंछ । सरकारलाई जुनसुकै अवस्थामा भएपनि समर्थन गर्ने उनको नीति राजनीतिक आग्रहबाट निर्देशित भएको चर्चा गरिदैंछ ।राजनीतिक वृतमा यादव जसरी भएपनि संघीय संसदमा आफ्नो उपस्थिति चाहन्छन् । यसै प्रयोजनका निम्ति 'सम्मानजनक शक्ति बाँडफाँड' सूत्र अगाडि सारिएको हो । राजनीतिक वृतमा चर्चा भए अनुसार, यादव उपराष्ट्रपति पद माग्दैछन् । यदी सत्ता गठबन्धनले त्यो पद दिएको अवस्थामा अहिले प्रतिनिधिसभामा विजयी भएका सांसदह( रुलाई उपराष्ट्रपति पदमा आसिन बनाउने र ती सांसदको रित्त स्थानमा हुने उपनिर्वाचनबाट आफू निर्वाचित भएर आउने रणनीति अर्न्तगत गृहकार्य पनि भएको बुझिन्छ । जसपाका जानकारहरुका अनुसार, यसबारे सप्तरी १ बाट निर्वाचित नबलकिशोर साहसँग प्रारम्भिक कुराकानी भएका छन् । त्यस्तै बारा २ बाट निर्वाचित रामसहाय यादवसँग पनि कुराकानी भएका छन् । अध्यक्षका लागि 'कुर्वानी' दिन तयार साह र यादवको उदारताका पछाडि उपराष्ट्रपति पदको आकर्षण हो । यहाँ हेक्का राख्नुपर्ने महत्वपूर्ण कुरा के हो भने राष्ट्रपति, उपराष्ट्रपति बन्न सांसद भैराख्नु पर्दैन । जुनसुकै नेपाली नागरिक राष्ट्रपति उपराष्ट्रपति पदको उम्मेदबार बन्नसक्छन् ।राष्ट्रपति, उपराष्ट्रपतिको चुनावको मतदाता भने संघीय र प्रदेश सांसद हुन् । भैरहेका सांसदलाई राजिनामा गराउने, उपनिर्वाचन गराउने उल्झनमा फस्नु भन्दा उपराष्ट्रपतिको भाग जसपाले पाएमा जसपाका कुनै शुभचिन्तकलाई त्यो पदमा आसिन गराउन सकिन्छ ।

उपेन्द्र प्रत्यक्ष निर्वाचनबाट संभव नभए राष्ट्रियसभाको सदस्य मनोनित भएर भएपनि सांसद बन्ने धुनमा छन् । आफ्नो सांसद बन्ने चाहना पुरा हुने सुनिश्चित नभएकोले नै उनले पार्टीका अन्य पदहरुबारे निर्णय नगरेका हुन् ।

अन्य सबै पार्टीहरुको मधेश प्रदेश संसदीय दलको नेता चयन गरिसक्दा पनि जसपाले कुनै निर्णय गरेको छैन । मधेश प्रदेश संसदीय दल नेताका आकाक्षीहरुबीच सहमतिको नाममा अध्यक्षले टिको लगाउने चर्चा चलेकै छ ।तर,टिको लगाउन बिलम्ब किन ? उत्तर उपेन्द्रसँग मात्र छ । उपेन्द्रको स्वार्थपरक राजनीतिको परिणाम उनी कुनै हिसावले सांसद हुनसक्छन् । तर, यता पार्टी पङ्तीमा भने उनको सत्ता राजनीतिले कुनै उत्साह ल्याएको देखिदैन ।निम्सरो भएर सत्तामा सहभागि हुनुभन्दा ओजिलो प्रतिपक्षीय भूमिका पनि संसदीय राजनी( तमा प्रभावकारी मानिन्छ ।पार्टीमा आवद्ध ठूलो जमातलाई आफ्नो निजी स्वार्थका निम्ति बन्धक बनाउँन मिल्दैन ।

# नेपालका सार्वजनिक नीतिहरू किन प्रभावकारी हुन सकेनन् ?



– डा. विष्णु राज उप्रेती

मैले नीति अनुसन्धान प्रतिष्ठानको नेतृत्व सम्हालेको लगभग पौने तीन वर्षको अवधिमा हाम्रो सार्वजनिक नीति निर्माणको अभ्यास, नीति कार्यान्वयनको अवस्था र त्यसको प्रभावकारिताको बारेमा प्राय सबै सम्बन्धित संस्थाहरूसँग छलफल, बहस र सहकार्य गर्ने अवसर पाएँ ।

सार्वजनिक नीतिहरू राष्ट्रको हित र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित हुन्छन् र यिनीहरूको सफल र प्रभावकारी कार्यान( वयन आजको आवश्यकता हो भन्नेमा कसैको दुई मत पाइन्न । हाम्रा सार्वजनिक नीतिहरू सेवाग्राही र सरोकारवालाहरूको अपेक्षाअनुसार प्रभावकारी हुन सकेका छैनन् भन्ने बारेमा पनि आम सरोकारवालाहरूबिच मतैक्य नै छ ।

सार्वजनिक नीतिको प्रभावकारिताका लागि तथ्य-आधारित, अन्वेषणात्मक नीति निर्माण अपरिहार्य छ भन्नेमा पनि कतै वि( मति पाइन्न । तैपनि सार्वजनिक नीतिहरू प्रभावकारी हुननसकेको जनगुनासो बढिरहेको छ । यही पृष्ठभूमिमा प्रतिष्ठानको टोलीले सार्वजनिक नीति प्रभावकारी रूपमा कार्यान्वयन हुननसक्नुका कारणहरू पहिचानका लागि अनुसन्धान गरेको थियो। करिब तीन दर्जन सार्वजनिक नीतिहरूको अध्ययन तथा समीक्षा, त्यति नै सार्वजनिक नीति संवाद, सम्बन्धित सरोकारवालाहरूसँगको बहस तथा प्रतिष्ठान र प्रतिष्ठानभन्दा बाहिरका विज्ञहरू, पूर्व प्रशासकहरू, नेपाल सरकारका वरिष्ठ अधिकारीहरू र केही राजनीतिज्ञहरूसँगको छलफल तथा अन्तरक्रियाहरू र सन्दर्भ सामग्री समीक्षाका आधारमा पहिचान गरिएका सार्वजनिक नीति प्रभावकारी हुननसक्नुका प्रमुख अर्न्तसम्बन्धित कारणहरूलाई यहाँ चर्चा गर्न' सान्दर्भिक ठान्दछु ।

१.अनुसन्धानका आधारमा नीति निर्माण गर्ने परिपाटी नहुनु

नेपालको परिवेशमा अनुसन्धान नीति निर्माणको अभिन्न अङ्ग बर्ि( नसकेको छैन । विकसित देशहरूमा नीति बन्ने विषयको व्यापकता र गाम्भीर्यको आधारमा वर्षौसम्मको अध्ययनपछि मात्र सार्वजनिक नीति बन्ने गरेको पाइन्छ । सार्वजनिक नीतिले तत्कालको विषयलाई मात्र सम्बोधन नगरी भविष्यको परिदृश्य र नीति कार्यान्वयनका पूर्व सर्तहरूसमेत अनुसन्धानको आधारमा प्रक्षेपण गर्न'पर्ने हुन्छ। अनुसन्धानले सार्वजनिक नीति तर्ज'माको लागि प्रमाण जुटाउँछ भने प्रमाणमा आधारित सार्वजनिक नीति कार्यान्वयन योग्य हुन्छ । सार्वजनिक नीतिको प्रभावकारी कार्यान्वयनले मात्रै अपेक्षित परिणाम दिनुका साथै यसको सकारात्मक प्रभाव देख्न सकिन्छ । उदाहरणको लागि राष्ट्रिय कृषि नीति बनाउँदा यो नीतिसँग अन्य कुन-कुन नीतिहरू सम्बन्धित (बाझिने वा सरोकार राख्ने) छन्, कुन कानुन आकर्षित हुन्छन् (अवरोधक, सहयोगी, तटस्थ), यो नीति सम्बन्धी नेपालले स्वीकार गरेका अन्तर्राष्ट्रिय दायित्व के के छन्, नीति कार्यान्वयनका लागि आवश्यक पर्ने संस्थागत संरचना, जन( शक्ति तथा आर्थिक श्रोतको अवस्था के छ र कसरी सुनिश्चित गर्न सकिन्छ, नीति कार्यान्वयनमा आउनसक्ने सम्भाव्य अवरोधहरू के हुन सक्छन् जस्ता अर्न्तसम्बन्धित सवालहरू बारे गहिरो अनुसन्धान गरी नीति बनाएपछि मात्र त्यसको प्रभावकारी कार्यान्वयन हुनसक्छ । अनुसन्धान नगरी नीति बनाउँदा नीति कार्यान्वयनमै जान नसक्ने, आंशिक कार्यान्वयनमा गए पनि अपेक्षित परिणाम दिननसक्ने र कतिपय अवस्थामा विपरीत परिणामसमेत आउनसक्ने सम्भावना रहन्छ ।

२.सार्वजनिक नीति निर्माणमा सरोकारवाला तथा जनप्रतिनिधिको अर्थपूर्ण सहभागिता नहुनु

नेपालमा मन्त्रालयहरूको आवश्यकताको आधारमा मन्त्रालयकै कर्मचारी वा बाहिरी परामर्शदातामार्फत सार्वजनिक नीति बना( उने अभ्यास व्यापक रहेको पाइयो। नीतिको मस्यौदामाथि सरोकारवालाहरूबिच छलफलका लागि एक दुई बैठक गर्ने र त्यसैको आधारमा तयार भएको मस्यौदालाई मन्त्रिपरिषद्बाट अनुमोदन गराई नीति घोषणा गर्ने गरेको पाइयो। सार्वजनिक नीति निर्माण प्रक्रियाका विभिन्न चरणहरूमा जनप्रतिनिधिहरू (मन्त्री, सांसद र अन्य सम्बन्धित जनप्रतिनिधिहरू) र सरोकारवालाहरूको लगातार र अर्थपूर्ण सहभागिता अनिवार्य हुनुपर्ने सवाललाई पर्याप्त ध्यान दिइएको पाइएन । त्यसबारेमा स्वयम् जनप्रतिनिधिहरूले पनि चासो राखेको पाइएन । परिणामतः सार्वजनिक नीतिहरू अपेक्षित रूपमा प्रभावकारी हुनसकिरहेका छैनन् । सार्वजनिक नीति निर्माणमा सरोकारवाला तथा जनप्रतिनिधिको अर्थपूर्ण सहभागिता नहुँदा ती नीतिप्रति उनीहरूको स्वामित्व र अपनत्व रहने सम्भावना कम हुन्छ ।

३. नीति र कानुनका बिचमा तादात्म्य नहुनु

सार्वजनिक नीतिको दायरा बृहत् हुने र यसले विशिष्ट दृष्टिकोण बोक्ने हुँदा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वसर्त मध्ये कानुन एक हो (जनशक्ति, संस्थागत संरचना, बजेट अन्य सर्त हुन्) । कानुनले नीति कार्यान्वयनलाई सहजीकरण र नियमन गर्दछ । ऐन, कानुन, कार्यविधि, नियमावली सबै नीतिका अभिन्न अङ्ग हुन्। तर, कार्यपालिकाले नीति बनाउने र व्यवस्थापिकाले कानुन बनाउने अभ्यास रहेको र यी दुईबीच तादात्म्य नभएकाले नीति प्रभावकारी भएको पाइएन । नीति बनेपछि मात्रै त्यसको कार्यान्वयनको लागि आवश्यक ऐन बन्नुपर्नेमा त्यस्तो भएको देखिएन । कानुन र नीतिका बीचमा तादात्म्य नहुँदा नीति कार्यान्वयन प्रभावकारी नहुने वा नीति कार्यान्वयनमा जानै नसक्ने अवस्थासमेत सिर्जना हुनेरहेछ ।

४. नीतिप्रति न्यून जनचासो रहनु

सार्वजनिक नीति सबैको साझा चासोको विषय हो । हरेक नीतिले व्यक्ति, समाज र समग्रमा राष्ट्रकै हितलाई सर्वोपरि राखेको हुन्छ । तर यस्ता नीतिप्रति सरोकारवालाहरू बेखबर हुँदा नीति निर्माता र कार्यान्वयन गर्नेहरू कम जबाफदेही हुने देखियो। नीतिले आफ् नो सरोकार सम्बोधन गरेको छ वा छैन, यसको कार्यान्वयनको अवस्था कस्तो छ, नीतिले आम सरोकारलाई सम्बोधन गर्छ वा गर्दैन, नीति कार्यान्वयनका लागि राज्यले स्रोतको व्यवस्थापन गरेको छ वा छैन भन्ने सवालमा जनचासो बढेमा मात्र नीति कार्यान्वयनमा सकारात्मक दबाब सिर्जना हुन्छ । जनताको स्वामित्व र अपनत्व नभएको सार्वजनिक नीति कार्यान्वयनमा पनि फितलो हुने पाइयो।

५. अन्तर-मन्त्रालय समन्वयको अभाव

नीति निर्माणका क्रममा अर्न्तमन्त्रालय तथा अर्न्तनिकायगत बहस, छलफल र सहकार्य नहुँदा ती निकायहरूको भूमिका तथा क्षेत्रार्ि( धकार बाझिने र कतिपय अवस्थामा त टकरावको अवस्थासमेत सृजना भएको पाइयो। यस किसिमको टकरावका कारण समन्वयको लागि सम्बन्धित नीतिमै राखिएका प्रावधान अनुसारका संरचनाह( रूले पनि प्रभावकारी काम गर्ननसकी नीतिहरूको प्रभावकारी कार्यान्वयन नहुने अवस्था रहेको पाइयो।

६. अर्न्तनीति समन्वयको अभाव

सार्वजनिक नीति बहु-आयामिक प्रकृतिको हुन्छ । कुनै एउटा विषय तथा क्षेत्रको नीति अन्य विषयसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । उदाहरणको लागि, कृषि नीतिको सम्बन्ध उद्योग, सिँचाइ, वन, भूमि व्यवस्था, भौतिक पूर्वाधारलगायतका अन्य धेरै नीतिहरूसँग हुन्छ । निर्माणाधीन नीति अन्य कुन कुन नीतिहरूसँग बाझिन्छ वा यसलाई कसरी अर्न्तसम्बन्धित बनाउन सकिन्छ भन्ने ख्याल नगरी बनाइएका कारण नीतिको कार्यान्वयनमा कठिनाइ आएको देखियो।

७. कानुन र स्रोत सुनिश्चितताको अभाव

केही नीतिहरू मौजुदा कानुन र प्रणालीबाटै कार्यान्वयनमा जाने खालका हुन्छन्। तर, दीर्घकालीन प्रभाव पार्ने, संरचनात्मक, मात्रात्मक र गुणात्मक रूपान्तरण ल्याउने खालका नीति कार्यान्वयनका केही पूर्व सर्तहरू हुन्छन्। ऐन तथा कानुन, जनशक्ति, वित्तीय स्रोत, पू( र्वाधार, उपकरण तथा प्रविधि, सङ्गठनात्मक संरचनालगायतका पूर्व सर्तहरूको सुनिश्चितता नभएका नीतिहरू प्रभावकारी रूपमा कार्यान( वयनमा जान सक्दैनन् । तसर्थ, कतिपय नीतिहरू नीति निर्माणकै क्रममा नीति कार्यान्वयनको लागि आवश्यक स्रोतको सुनिश्चितता नगरिएका कारण प्रभावकारी हुन नसकेको देखियो।

८. कर्मचारीको बारम्बार सरुवा हुनु

स्थिर कर्मचारी प्रशासन प्रणाली प्रभावकारी नीति कार्यान( वयनको अर्को एउटा महत्वपूर्ण सर्त हो। तर, नेपालमा प्रणालीगत अस्थिरताका कारण नीति कार्यान्वयनमा जिम्मेवार अधिकारीहरूको बारम्बार सरुवा हुने अभ्यास रहको छ । छिटो-छिटो कर्मचारी सरुवा गर्ने परिपाटीले जबाफदेहिता लिननपर्ने मनोविज्ञानको सिर्जना हुने र नीति कार्यान्वयनमा नकारात्मक असर पर्ने गरेको पाइयो।

९. जवाफदेहिताको अभाव

जवाफदेहीताले कार्यसम्पादनको स्तर वृद्धि गर्छ र कर्तव्य बोध गराउँछ । जवाफदेहिताको अभावमा नीति कार्यान्वयन गर्ने व्यक्ति तथा निकाय कर्तव्यच्युत हुँदै जान्छन्। ऐन तथा कानुन कार्यान( वयन नभएको खण्डमा जिम्मेवार व्यक्ति तथा निकाय कानुनी रूपमै जबाफदेही हुनुपर्ने हुन्छ । यद्यपि, सार्वजनिक नीति कार्यान्वयन नहुँदा, नगर्दा वा कार्यान्वयनमा आलटाल गर्दा जिम्मेवार व्यक्ति तथा निकायलाई जबाफदेही बनाउने प्रणालीको विकास नभएकोले सार्वजनिक नीति कार्यान्वयनको सवालमा सम्बद्ध व्यक्ति तथा निकाय पूर्ण जबाफदेही भएको पाइएन ।

१०.नियमित अनुगमन, मूल्याङ्कन र समीक्षाको अभाव

समाज गतिशील हुन्छ । गतिशील समाज र परिवेश तथा सो परिवेशमा सिर्जना हुने समस्याहरूले गतिशील नीतिको माग गर्दछन्। त्यस कारण, सार्वजनिक नीतिहरू पनि परिवर्तित सन्दर्भमा गतिशील हुन आवश्यक छ । तर, नीति कार्यान्वयनको नियमित र व्यवस्थित रूपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गरी आवश्यकताको आधारमा नीति संशोधन गर्ने, अनावश्यक देखिएका नीतिहरू खारजी गर्ने , आवश्यकताको आधारमा नयाँ नीति निर्माण गर्ने प्रणालीको विकास हुन सकेको छैन । परिणामतः कतिपय मौजुदा सार्वजनिक नीतिहरू समयसापेक्ष नभएका, धेरै पुराना र असान्दर्भिकसमेत भएको पाइयो । साथै, सार्वजनिक नीति अझ पनि जनसरोकार र आम चासोको विषय बन्न नसक्नु र सार्वजनिक नीति तर्ज'मा प्रक्रिया सही नहुनु पनि नीति प्रभावकारी नहुनुका कारणहरू रहेछन् ।

सार्वजनिक नीति प्रभावकारी बनाउन चाल्नुपर्ने कदम

केही सकारात्मक सुरुआत विगत दुई-तीन वर्षयता नीति नवप्र( वर्तन र रूपान्तरणका दिशामा केही सकारात्मक पहलहरू सुरु भएका छन् । तथ्य र प्रमाणमा आधारित नीति निर्माणमा नेपाल सरकालाई सहयोग गर्न विशिष्टीकृत कार्यादेशसहित गठन गरिएको नीति अनुसन्धान प्रतिष्ठान नीति संवाद, नीति समीक्षा तथा नीति अनुसन्धानमार्फत नीति नवप्रवर्तनका लागि मन्त्रालयहरू, प्राज्ञिक संस्था र विश्वविद्यालयहरू, अनुसन्धान संस्थाहरू, विज्ञहरू र अन्य सरोकारवालाहरूसँग नीतिगत सवालमा सहकार्यमा सक्रिय रहेकोले यसका सकारात्मक प्रभावहरू देखिँदै छन् ।

नीति अध्ययन र अनुसन्धान शैक्षिक प्रणालीका अङ्ग बन्न थालेका छन् । काठमाडौं विश्वविद्यालयलाई नीति अनुसन्धान प्रतिष्ठानले प्रदान गरेको नीति सम्मानको परिणामबाट उसले नीतिगत महत( वका विषयमा शैक्षिक अनुसन्धान गर्नगराउन स्थापित अक्षय कोष यसको एउटा उदाहरण हो । नेपाल सरकारका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीहरूका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालनमा ल्याएको 'अन्वेषणात्मक सार्वजनिक नीर्ि( तः प्रमाणको प्रयोग' तालिम अर्को उदाहरण हो । नेपाल सरकारका मन्त्रालयहरूमा नीति अनुसन्धान प्रतिष्ठानले तयार गरेको नीति तर्ज'मा मार्गदर्शन प्रयोगमा आउन थालेको छ । प्रतिनिधिसभाको संघीय संसद् सचिवालय र नीति अनुसन्धान प्रतिष्ठानबीच प्रमाणमा आधारित नीति निर्माणका लागि कार्यगत सहकार्यको सुरुआत भएको छ । निजी क्षेत्रले पनि आफ्ना नीतिगत कठिनाइबारे प्रतिष्ठानलाई जानकारी गराउने र सहजीकरणको लागि अनुरोध गर्नेगरेको छ । यी सबै प्रक्रिया र घटनाक्रमहरूले नीति निर्माण प्रक्रियाको रूपान्तरणका लागि तीव्र रूपमा जनचासो विस्तार भइरहेको सङ्केत गर्छन् । माथि चर्चा गरिएका नीति प्रभावकारी हुन नसक्नुका कारणहरूलाई सम्बोधन गर्नसके चाँडोभन्दा चाँडो नीति प्रभावकारिताप्रतिको जनचासो र अपेक्षा पूरा हुने कुरामा म विश्वस्त छु ।

*(उप्रेती, सरकारी थिङ्कटयाङ्क, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष हुन् ।*
*लेखको प्रस्तुत अंश, प्रतिष्ठानको वार्षिक प्रतिवेदन २०७८/७९बाट लिइएको हो ।)*

फिचर

# सूचनादातालाई संरक्षण गर्ने ऐतिहासिक निर्णय





अमृत क्याम्पसका सहायक क्याम्पस प्रमुख रविन्द्र सिंह महतले क्याम्पसमा भइरहेको बेथिति र अनियमितता बारेमा सूचना दिई क्याम्पसमा सुधार गर्न प्रयास गरे वापत भएको कारवाही राष्टिय सूचना आयोगले बदर गरिदिएको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा भएको सूचनादाताको संरक्षणसम्बन( धी विशेष व्यवस्था अनुसार आयोगले यो निर्णय गरेको हो। उक्त दफामा सार्वजनिक निकायमा कार्यरत कर्मचारीले सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित का( नूनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु पर्ने दायित्व रहेको छ। सहायक क्याम्पस प्रमुख महतले सोही कर्तब्य पुरा गर्दा उहाँमाथि क्याम्पस प्रमुखले प्रतिशोध राखेर कारबाही गर्न'भएको थियो।

सूचना आयोगका अनुसार , नुवाकोट जिल्ला, पञ्चकन्या गाउपालिका.- २ निवासी महतबाट सार्वजनिक सञ्चार माध्यममा क्याम्पसमा भइरहेको अर्ि( नयमिततासँग सम्बन्धित सूचना सार्वजनिक गरेको अभियोगमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पसले आप( ूलाई सहायक क्याम्पस प्रमुखको जिम्मेवारीबाट हटाई निलम्बन गरेको हुँदा निलम्बनमा राख्ने भनी गरेको एवम् कारबाहीको सम्पूर्ण निर्णय बदर गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (२९) को उपदफा (४) बमोजिम सूचनादाताको संरक्षण गर्न तथा उपदफा (५) बमोजिम आफ्नो जिम्मेवारीमा यथावत कार्य गर्ने गरी साविककै जिम्मेवारी र सेवासुविधा समेत उपलब्ध गराई क्षतिपूर्तिसमेत भराई पाऊँ भनी आयोगमा मिति असोज ६ गते उजुरी गरिएको थियो।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (१) मा सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित का( नून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ र उपदफा (३) मा उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानि( नोक्सानी पुर्याउन पाइने छैन भन्ने व्यवस्था छ। सोही अनुसार आयोगले महतलाइ न्याय गरेको हो।

उक्त विषयमा आयोगले उजुरीकर्ताको निवेदन, विपक्षीको लिखित जवाफ, उजुरीकर्ताको थप निवेदन, प्रचलित का( नून र प्राप्त प्रमाण कागजातको आधारमा विश्लेषण गरी उजुरीकर्ता सहायक क्याम्पस प्रमुख महतले क्याम्पसमा भइरहेको बेथिति र अनियमितता बारेमा सूचना दिई क्याम्पसमा सुधार गर्न खोजेको प्राप्त कागजातहरुबाट पुष्टि भएको बताएको छायस्तो कार्यलाई निरुत्साहित हैन प्रोत्साहित गरिनु सबैको कर्तव्य हुन आउँछ ,आयोगले भनेको छ।

आयोगको आदेशमा भनिएको छ, सूचना दिएबापत निलम्बन हुनु तथा सहायक क्याम्पस प्रमुखको पद नै खोसिनु कानून विपरित हो भन्ने स्पष्ट देखिन्छ। पछिल्लो अवधिमा निजको निलम्बन फुकुवा भएको र सहायक क्याम्पस प्रमुख पदमा पुनर्वहाली भएको भएपनि क्याम्पस प्रशासनले निलम्बन अवधिको पाउने सुविधा कटौति गरेकाले यस्तो कार्य सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ ९ को उपदफा (३) विपरित हुन जान्छ ।उजुरीकर्ता सहायक क्याम्पस प्रमुख रविन्द्र सिंह महतले निलम्बन अवधिको कानून बमोजिम पाउने सुविधा कटौति लगायत अन्य कारबाही नगर्न नगराउन अमृत क्याम्पस, काठमाडौंका कार्यालय प्रमुखको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम आयोगबाट पुस ४ मा आदेश भएको छ।

यसबाट सार्वजनिक निकायहरुमा हुने भ्रष( टाचार, अनियमितता रोक्न मद्दत हुनेगरी यसरी सूचना दिने कर्मचारीमाथि सार्वजनिक निकायबाट हुनसक्ने कारबाहीबाट संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐन को व्य( वस्थाको सकारात्मक प्रयोग भऐको छ ।सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित का( नून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुने र सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको का( नूनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुर्याउन पाइने छैन भन्ने व्यवस्था पहिलो पटके प्रयोग भएको हो। यसबाट सार्वजनिक निकायका कर्मचारीलाई सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अर्ि( नयमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिन प्रोत्साहित गर्ने विश्वास आयोगले गरेको जनाइएको छ ।

श्रोतः आइएनएस- स्वतन्त्र समाचार



महोत्तरी जिल्लाको भोलही गाउँमा उखु बेच्नु भन्दा पहिले उखु तौल गर्दै किसान।    *तस्बिर : सञ्जीतकुमार मण्डल, रासस*

# सरकारले विदेशी लगानीको सीमा घटायो




मधेशदृष्टि
काठमाण्डौ,पुस २०
सरकारले वैदेशिक लगानीको न्यूनतम सीमा २ करोड रुपैयाँ तोकेको छ। यसअघि, वैदेशिक लगानीको न्यूनतम सीमा ५ करोड रुपैयाँ रहेको थियो। जसलाई पुनरावलोकन गर्दै सरकारले न्यूनतम २ करोड रुपैयाँसम्म विदेशी लगानी ल्याउन मिल्ने व्यवस्था गरेको हो।

२०७६ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले वैदेशिक लगानीको न्यूनतम सीमा बढाएको थियो। त्यसअघि, ५० लाख रुपैयाँसम्म विदेशी लगानी भित्र्याउन पाउने व्यवस्था परिवर्तन गर्दै ओली नेतृत्वको सरकारले न्यूनतम सीमा ५ करोड रुपैयाँ पुर्‍याएको थियो।

सरकारले वैदेशिक लगानीको न्यूनतम सीमा ह्वात्तै बढाएपछि निजी क्षेत्रले त्यसको चर्को विरोध गरेको थियो। विदेशी लगानीको न्यूनतम सीमाले सूचना तथा प्रविधि क्षेत्र समस्यामा पर्ने भन्दै निजी क्षेत्रले सरकारको निर्णय सच्याउनुपर्ने माग राखेको थियो। निजी क्षेत्रको मागका विषयमा तत्कालीन प्रधानमन्त्री ओलीले चिया पसल र पान पसल खोल्न विदेशी लगानी नचाहिने प्रतिक्रिया दिएका थिए।

तर, अहिलेको सरकारले निजी क्षेत्रको मागलाई सम्बोधन गर्दै विदेशी लगानीको न्यूनतम सीमा घटाएको हो।

सरकारले 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन' बमोजिम वैदेशिक लगानीको न्यूनतम सीमा घटाएको हो।

उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारी निजी क्षेत्रको मागअनुसार सरकारले विदेशी लगानीको सीमा हेरफेर गरेको बताउँछन्। उनका अनुसार २०७६ सालमा सरकारले सीमा बढाएपछि सो निर्णयको चौतर्फी विरोध भइरहेको थियो र सरकारले त्यसलाई सुनुवाइ गर्दै सीमा घटाएको हो। 'सरकारले बजेट घोषणामै वैदेशिक लगानीको सीमा घटाउने विषय उल्लेख थियो, बजेटमै उल्लेख भएको विषय ऐनमा ल्याइएको मात्रै हो,' महानिर्देशक तिवारीले भने।

तिवारीले सीमा घटाउँदा विदेशी लगानीको रकम बढ्नेमा भने कुनै अपेक्षा नरहेको बताए। 'निजी क्षेत्रको मागअनुसार यसलाई हेरफेर गरेको मात्रै हो,' उनले भने, 'तर, यसबाट नेपालमा विदेशी लगानीको मात्रा बढ्ने भन्ने छैन।'

तर, सरकारको पछिल्लो निर्णयबाट नेपालमा सूचना तथा प्रविधि क्षेत्र भने प्रभावित बन्ने विभागको आँकलन छ। सरकारले ५० लाखको सीमा बढाएर ५ करोड रुपैयाँ पुर्‍याउँदा सबैभन्दा धेरै विरोध सूचना तथा प्रविधि क्षेत्रका उद्यमीले गरेका थिए। यस क्षेत्रमा ठुलो लगानी नचाहिने र थोरै लगानी ल्याएर प्रविधि भित्र्याउन सरकारी नियम नै बाधक भएको उनीहरूको भनाइ थियो।

यस्तै नव प्रवर्तनात्मक उद्यमीहरूलाई सहयोग गर्दै आइरहेको अन्तरप्रेरणाका संस्थापक निरज खनाल 'स्टार्टअप' र सूचना प्रविधि क्षेत्रमा विदेशी लगानीको सीमा धेरै राख्न नहुने बताउँछन्। स्टार्टअप थोरै लगानीमा सुरु भई ठुलो बन्ने प्रकृतिका कम्पनी हुने भएकाले यस क्षेत्रमा थ्रेसहोल्ड राख्न नहुने उनको भनाइ छ।

'सूचना प्रविधिको क्षेत्रमा लगानीभन्दा बढी प्रविधि महत्त्वपूर्ण हुन्छ,' उनले भने, 'थोरै लगानी गरेर धेरै प्रविधि ल्याउने खालका सम्झौता पनि हुन्छन्। त्यसैले सरकारले ठुलो सीमा राख्न हुँदैन।'

पाँच करोडको सीमा घटेपछि सूचना प्रविधि क्षेत्र र स्टार्टअप क्षेत्रमा विदेशी लगानी ल्याउनका लागि केही सहज हुने उनको भनाइ छ।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ सरकारले परिवर्तन गरेको विदेशी लगानीको न्यूनतम सीमाले ठुलो उथलपुथल नल्याउने बताउँछन्। श्रेष्ठका अनुसार यो नीतिले सरकारको नियमित प्रक्रिया पुरा गर्नुबाहेक विदेशी लगानी भित्र्याउनका लागि कुनै ठोस कदमका रूपमा काम गर्न सक्दैन। 'विदेशी लगानी भित्र्याउनका लागि अन्य धेरै विषय सुधार गर्नुपर्ने छ,' उनले भने, 'तर, सरकार लगानीको सीमा थपघट गरेर बसिरहेको छ।'

# यस कारण बढ्दै छ सुनको मूल्य?



मधेशदृष्टि
काठमाडौं, पुस २०
सुनको मूल्य पछिल्ला दिनमा लगातार बढिरहेको छ।मंगलबार मात्रै प्रतितोला सुनको मूल्य एकै दिन नौ सय रूपैयाँले वृद्धि भएर एक लाख दुई हजार ६ सय रूपैयाँमा कारोबार भइरहेको छ।सुनको मूल्यलाई युक्रेन र रसियाबीचको द्वन्द्वले समेत नछोएको टिप्पणी गरिन थालिएको छ।

'सन् २०२० मा मूल्य वृद्धि कम थियो, यो कुनै मुद्दा नै बनेको थिएन तर सुनको मूल्य सोही वर्ष अगष्टमा प्रतिऔंस दुई हजार ७५ डलरमा कारोबार भइरहेको थियो,' स्मल क्याप्स डटकममा रोविन ब्रोमबाइले लेखेका छन्, 'तर, सन् २०२२ मा मूल्य वृद्धि उच्च दरमा बढ्यो, तर, सुनको मूल्य प्रतिऔंस दुई हजारमा पुगेर पनि त्यहा अडिन सकेन।'

हाल अन्तर्राष्ट्रिय बजारमा प्रतिऔंस एक हजार ८ सय तीन डलरमा कारोबार भइरहेको छ।

तर, सन् २०२३ मा सुनको मूल्य प्रतिऔंस २ हजार डलर माथि नै रहने अनुमान गरिएको छ।

आखिर किन बढिरहेको छ सुनको मूल्य?

सुनको मूल्य बढ्नुमा विभिन्न कारण छन्। अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूका अनुसार विश्वभरका केन्द्रीय बैंकहरूले सन् १९६७ यताकै उच्च दरमा सुनमा लगानी बढाएका छन्। द वर्ल्ड काउन्सिलका अनुसार अघिल्लो वर्ष सन् २०२२ को जनवरीदेखि नोभेम्बरसम्ममा विश्वभरका केन्द्रीय बैंकहरूले ६ सय ७३ टन सुन खरिद गरेका छन्।

चीन र रसियाले सुनको खरिददारी उच्च दरमा बढाएको आशंका गरिएको छ। सन् २००८ मा विश्वव्यापी मन्दि छाउँदा विश्वका केन्द्रीय बैंकहरूले उच्च दरमा सुन बिक्री गरेका थिएन। पछिल्लो समय भने खरिददारी बढाइरहेका छन्।

पछिल्लो समय सुनको मूल्य वृद्धि हुनुमा चीनलगायतका देशमा कोभिड पुनः देखिन थालेको, विश्वभर आर्थिक मन्दीको सम्भावना बढेको कारण सुनको माग र मूल्यमा वृद्धि भइरहेको छ।

त्यस्तै, अमेरिकाको केन्द्रीय बैंकले यसअघि छिटोछिटो नीतिगत ब्याजदर वृद्धि गरिरहेकोमा आगामी दिनमा यस्तो परिवर्तन सोही रफ्तारमा नगर्ने देखिएपछि पनि सुनको मूल्यमा आकर्षण बढिरहेको हो।

# नेपालमा उपलब्ध आइफोन-१४ को विभिन्न मोडलको यस्तो छ मुल्य



मधेशदृष्टि
काठमाडौं, पुस १९
करिब तीन महिना अघि सार्वजनिक आइफोन-१४ नेपाली बजार भित्रिएको छ। नेपालमा आइफोन-१४ को विभिन्न १४ मोडल खरिद गर्न सक्छन्।

नेपाली बजारमा यतिबेला १२८ जिबी, २५६ जिबी र ५१२ जिबीका आइफोन-१४ उपलब्ध छन् भने १२८ जिबी, २५६ जिबी र ५१२ जिबीमा आइफोन-१४ प्लस खरिद गर्न सकिन्छ। त्यसैगरी १२८ जिबी, २५६ जिबी, ५१२ जिबी र १ टिबी स्टोरेज क्षमताको आइफोन-१४ प्रो उपलब्ध छन्। साथै ग्राहकहरूले आइफोन प्रो म्याक्समा १२८ जिबी, २५६ जिबी, ५१२ जिबी र १ टिबी स्टोरेज क्षमता पाउन सक्छन्।

नेपालमा एप्पलको आइफोनको लागि आधिकारिक आयातकर्ता तथा वितरक जेनेरेसन नेक्स्ट कम्युनिकेसन्स प्रालिले रहेको छ। कम्पनीले यी सबै मोडलहरूको मूल्य पनि तोकिसकेको छ।

नेपाली बजारमा १२८ जिबी स्टोरेज क्षमताको आइफोन-१४ को मूल्य एक लाख ५४ हजार ९९० रूपैयाँ, २५६ जिबीको एक लाख ७३ हजार ९९० रूपैयाँ र ५१२ जिबी क्षमताको आइफोन-१४ को मूल्य दुई लाख नौ हजार ९९० रूपैयाँ तोकिएको छ। आइफोन-१४ प्लसमा १२८ जिबीको एक लाख ७३ हजार ९९० रूपैयाँ, २५६ जिबीको एक लाख ९२ हजार ९९० रूपैयाँ र ५१२ जिबीको दुई लाख २९ हजार ९९० रूपैयाँ तोकिएको छ। नेपाली बजारमा आइफोन-१४ प्रो १२८ जिबी मोडल एक लाख ९४ हजार ९९० रूपैयाँ, २५६ जिबी मोडल दुई लाख १४ हजार ९९० रूपैयाँ, ५१२ जिबी मोडल दुई लाख ५४ हजार ९९० रूपैयाँ र १ टिबी मोडल दुई लाख ९९ हजार ९९० रूपैयाँमा खरिद गर्न सकिन्छ।

त्यसैगरी १२८ जिबी स्टोरेज क्षमताको आइफोन-१४ प्रो म्याक्सको बजार मूल्य दुई लाख १४ हजार ९९० रूपैयाँ, २५६ जिबी मोडलको दुई लाख ३४ हजार ९९० रूपैयाँ, ५१२ जिबीको दुई लाख ७४ हजार ९९० रूपैयाँ र १ टिबी मोडलको आइफोन-१४ प्रो म्याक्सको मूल्य तीन लाख १४ हजार ९९० रूपैयाँ तोकिएको छ।

# लालबन्दीबाट पाँच महिनामा त्रियासी करोडको तरकारी निकासी

सर्लाही, २० पुस
लालबन्दीमा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले चालू आर्थिक वर्ष २०७९/८० मा रु ८३ करोड ५० लाख ८४ हजार ७५ को तरकारी निकासी गरेको छ।

लालबन्दी नगरपालिका-७ मा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले विसं २०७९ साउन १ देखि २०७९ मङ्सिर मसान्तसम्ममा १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ। साथै आव २०७८/७९ को अन्तिम असारमा ५५ लाख ५० हजार दुई सय किलो तरकारी निकासी गर्दा रु २० करोड २३ लाख १७ हजार पाँच सय रकम आएको व्यवस्थापन समितिका व्यवस्थापक शम्भु घिमिरेले बताए।

उनका अनुसार आव २०७९/८० को पहिलो महिना साउनमा ५५ लाख ९१ हजार किलो तरकारीबाट रु २० करोड दुई लाख एक हजार सात सय ५०, भदौमा ४२ लाख ९२ हजार छ सय किलोको रु १८ करोड ८५ लाख ५२ हजार पाँच सय, असोजमा २५ लाख ६१ हजार आठ सय ७३ किलो तरकारीको रु २७ करोड ८० लाख ८३ हजार एक सय २५, कात्तिकमा १५ लाख ३३ हजार नौ सय किलोको रु नौ करोड ६३ लाख ७८ हजार दुई सय ५० र मङ्सिरमा २५ लाख ९७ हजार चार सय किलोको रु सात करोड १० लाख ६८ हजार चार सय ५० रकम प्राप्त भएको हो।

आव २०७९/८० को साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म गरी पाँच महिनामा १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका अध्यक्ष तोरणबहादुर मगरले जानकारी दिए।

जिल्लाको लालबन्दी, हरिवन, हरिपुर र ईश्वरपुर नगरपालिका क्षेत्रमा किसानले उत्पादन गरेका गोलभैँडा, परबल, बोडी, सिमी, भन्टा, करेलालगायतका तरकारी लालबन्दीको बजारमा आउने गरेका कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ। कृषि थोक बजार व्यवस्थापन समितिका अध्यक्ष मगरका अनुसार देशका सिन्धुली, रामेछाप, काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगञ्ज, हेटौँडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका स्थानमा लालबन्दीबाट तरकारी निकासी हुने गरेको छ।

लालबन्दीबाट टमाटर, भन्टा, बोडी, लौका, करेला, काँक्रो, फुलकोभी, बन्दा कोभी, घिरौँला, सिमी, झिङ्गनी, मूला, हरियो खुर्सानी, बेथुको साग, गाजर, भिन्डी, परबल, रूख कटहर, वल, फर्सी, धनियाँको पात, कागती, उदुवा, मटरकोसा, प्याज र भैँडेखुर्सानी गरी १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ। त्यसमध्ये सबैभन्दा धेरै परवल करिब एक करोड किलो निकासी भएको छ भने सबैभन्दा कम सिमी, रूख कटहर, धनियाँको पात, कागती, फर्सी, मटरकोसा, हरियो प्याज, वल, भिन्डी र झिँगनी निकासी भएको छ।रासस

# यातायातको सेवामा विकृतिः स्वास्थ्य रिपोर्ट नै नक्कली बनाउँछन् बिचौलिया

मधेशदृष्टि
काठमाडौँ, २० पुस
यातायात कार्यालयको सेवा प्रवाहमा बिचौलियाको असर नराम्ररी बढिरहेको छ। प्रहरीले विभिन्न समयमा बिचौलियालाई समातेर कारबाही चलाए पनि बिचौलियाको असर रोकिन सकेको छैन।

काठमाडौँ उपत्यकाका केही यातायात कार्यालयहरूमा मङ्गलबार गरिएको सुक्ष्म अनुसन्धानका क्रममा अनुचित र नक्कली कार्यमा बिचौलिया सक्रिय रहेको पत्ता लागेको हो। मङ्गलबारमात्रै गरिएको अनुसन्धान तथा बिचौलिया नियन्त्रण अभियानका क्रममा सेवाग्राहीलाई अनुचितरुपले प्रभावमा पार्ने पाँच र फर्जी स्वास्थ्य परीक्षण रिपोर्ट बनाउने कार्यमा सम्लग्न दुई गरी सात जनालाई पक्राउ गरिएको रानीपोखरीस्थित काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए।

उक्त कार्यालय र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले ललितपुरको एकान्तकुनासिथत यातायात व्यवस्था कार्यालय तथा काठमाडौँको ठूलोभर्‍याङ र चाबहिलबाट उनीहरूलाई पक्राउ गरी कारबाही थालेको हो।

उनीहरूले विभिन्न यातायात कार्यालयमा सेवाग्राहीलाई सहजीकरण गरिदिन्छौँ, छिटोछरितोरूपमा काम गरिदिन्छौँ, नपुगेका कागजात पुर्‍याइदिन्छौँ भनी प्रलोभनमा पारी हैरानी दिने गरेको पाइएको उनले बताए। प्रवक्ता रिजालले कुनै पनि सरकारी कार्यालयमा नियमसङ्गत हुने काममा सेवाग्राहीलाई अनावश्यक हैरानी दिई नियमित काम कारबाहीलाई असर पार्ने बिचौलिया तथा समूहउपर प्रहरीले निगरानी तथा कारबाही बढाएको बताए। यदि यस्तो सूचना आएमा प्रहरीको हटलाइन १०० र १०३ मा फोन गरी जानकारी दिन पनि प्रहरीले अनुरोध गरेको छ।

वायु प्रदूषण गराउने १४ सवारीचालक कारबाहीमा काठमाडौँको कलङ्कीमा मङ्गलबार गरिएको विशेष जाँच अभियानका क्रममा अत्यधिक धुँवा फाली वायु प्रदूषण गराउने १४ सवारीसाधनका चाकललाई कारबाही गरिएको छ।



बबरमहलस्थित वातावरण विभाग तथा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कायालयबाट संयुक्तरूपमा खटिएको प्रहरी र दक्ष प्राविधिकसहितको टोलीले चलाएको उक्त जाँच अभियानमा ४३ गाडीमा गरिएको परीक्षणमा १४ सवारीसाधन असफल भए।

सो क्रममा चालकलाई सवारीसाधन मर्मतपश्चात् तोकिएको जरिवाना तिरी कागजात फिर्ता गर्ने गरी छाडिएको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए। यस्ता सवारी साधानले वायु प्रदूषण गराउनाका साथै ठिक नभएका सवारीसाधन चलाउँदा दुर्घटनाको समेत जोखिम हुन्छ।

त्यसैले आफ्नो सवारीसाधनको अवस्था दुरुस्त राख्न अनुरोध गरिएको र त्यस्तो पाइएमा कारबाही गरिने प्रवक्ता भट्टले बताए।रासस



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नयाँ भवनमा रहेका विभिन्न संरचना अवलोकन गर्नु भएपछि भवनको छतबाट सिंहदरबार भित्रका अन्य भवनहरुको संरचनाबारे प्रम दाहाललाई जानकारी गराउँदै मुख्य सचिव शङ्करदास बैरागी। *तस्बिर : प्रदीपराज वन्त/रासस*

# पढ्न उत्साहित हुंदैछन् दलित बालबालिका

लहान, २० पुस

बिहान सबेरै उठ्नु, ०७ देखि ०९ बजेसम्म हुने 'ट्र्युसन क्लास' भ्याउनु, फेरि १० नबज्दै विद्यालय पुग्नु । सिरहाको इँटाटार स्थित तेनुवापटी आधारभूत विद्यालय कक्षा ४ मा अध्ययनरत छात्रा राधनाकुमारी सदायको दिनचर्या दुई वर्षदेखि यस्तै छ।

केही समय पहिले पढ्न र स्कूल जानुपर्छ भनेपछि झर्को मान्ने छोरी राधनामा आएको परिवर्तन देखेर दङ्ग छन उनका बुबा भरोसी र आमा निलमदेवी। राधनाका बुबाआमा मात्रै होइन, पढाइप्रतिको लगाव र विद्यालयमा नियमित आउने उत्साह देखेर दङ्ग छन विद्यालयका प्रधानाध्यापक रतनदेव सिंह पनि।

यस्तै परिवर्तन आएको छ तेनुवापटी आधार भूत विद्यालयमा कक्षा ६ मा अध्ययनरत निखलेसकुमार सदाय र विष्णुकुमार सदायमा पनि । उनीहरु दुवै जना स्कूल जान औधि मन गर्छन् अचेल । राधना, निखलेस र विष्णुलाई मात्रै होइन, सिरहाका चारवटा वस्तीका करिब १५३ विद्यार्थीमा यस्तै परिवर्तन आएको छ । तर यस्तो परिवर्तन भने त्यसै आएको होइन।

दलित बस्तीका यी बालबालिकालाई रमाइलो मानेर स्कुल जाने र ट्युसन पढ्ने वातावरण बनाई दिएको हो, दलित जनकल्यान युवा क्लब, लहानले। विविध समस्याका कारण विद्यालय जान र पढ्न खासै रुची नगर्ने दलित समुदायका बालबालिकालाई 'फ्रिडम फण्ड'को आर्थिक सहयोगमा पठनपाठनदेखि आवश्यक शैक्षिक सामग्री सहयोग गर्न थालेपछि परिवर्तन देखिन थालेको क्लबका अध्यक्ष उमेशकुमार बिसङ्केले जानकारी दिए।

कमजोर आर्थिक अवस्थाका कारण आवश्यक शैक्षिक सामग्री र अतिरिक्त कक्षा ट्र्युसन पढ्न नपाउँदा विद्यालय जान रुची नगर्ने गुनासोपछि क्लबले हरवाचरवा, सुकुम्बासी, भूमिहिन दलित समुदायका बालबालिकालाई स्कूल पोशाक, स्टेशनरी र झेला वितरण गर्न थालेको अध्यक्ष बिसङ्केको भनाइ छ । "विद्यालय बाहिर रहेका, नाम लेखाएर पनि स्कूल नजाने बालबालिकालाई आवश्यक शैक्षिक सामग्री र पठनपाठनमा सहयोग गरी विद्यालयमा पहुँच पुऱ्याउनु हाम्रो मुख्य उद्देश्य थियो", उनले भने , "सानो सहयोग गर्दा पनि अहिले विपन्न दलित बस्तीका बालबालिकामा पढ्न र नियमित विद्यालय जान केही सहयोग पुगेको छ।"

विद्यालय बाहिर रहेका दलित बालबालिकालाई विद्यालय भर्ना गराउने, निःशुल्क ट्र्युसन कक्षा सञ्चालन गर्ने, अभिभावकलाई बालबालिकाको पढाइप्रति चासो राख्न उत्प्रेरित गर्न शिक्षाको महत्वबारे जानकारी दिने कार्यमा विशेष जोड दिएकाले विद्यार्थी र अभिभावक दुवैमा परिवर्तन देखिन थालेको क्लबका कार्यक्रम संयोजक बहादुर सदायले बताए। दलित समुदायका बालबालिका विद्यालय बाहिर रहने, नियमित विद्यालय नजाने, पढ्नमा गुणस्तर नबढ्नेजस्ता कारणबारे अनुसन्धान गर्ने, बालबालिकालाई विद्यालयमा टिकाउन आवश्यक क्रियाकलाप सञ्चालनका लागि समुदाय, शिक्षक तथा सरोकारलासँग छलफल गरी समस्या समाधान गर्ने रणनीति क्लबले अख्तियार गरेको उहाँले जानकारी दिए।

स्कूलमा खेलकुद सामग्रीको उपलब्धता, दिवा खाजा कार्यक्रम, छात्रवृत्तिमा पहुँच, विद्यालय पोशाक, झोला र स्टेशनरीको उपलब्धता तथा बस्तीमा गठन भएका हरवाचरवा महिला समूह एवम् तीनको परिचालनले पनि दलित समुदायका बालबालिकालाई विद्यालय जान आकर्षित गरेको स्थानीय सामाजिक परिचालक सन्तोसकुमार विसङ्के बताउछन।

विद्यार्थी निखलेसकुमार सदाय पनि घरमा ट्र्युशन र विद्यालयमा पठनपाठनसँगै अतिरिक्त क्रियाकलापसमेत हुने गरेकाले आफूलाई नियमित स्कूल जान सहज भएको धारणा राख्छन्। पहिले पारिवारिक समस्याका कारण आवश्यक शैक्षिक सामग्री नपाउँदा विद्यालय जान मनै नलाग्ने गरेकोमा त्यो समस्या समाधान भएपछि आफूलाई विद्यालय जाउँजाउँ लाग्न थालेको निखलेसको भनाइ छ। कक्षा ६ मा अध्ययनरत विष्णुकुमार सदायलाई पनि त्यस्तै लाग्दछ।"म अचेल सकेसम्म कुनै दिन स्कूल जान छोड्दिन । त्यहाँ गएर पढ्न अनि खेल्नलाई रमाइलो लाग्छ" उनले भने,"मलाई फुटबल खेल्न मन लाग्छ। सधैँ 'टिफिन टाइम'मा खेल्ने गर्दछु।"

उनीहरुका अभिभावकले पनि ट्र्युशन पढ्न र विद्यालय जान आवश्यक सहयोग प्राप्त भएकाले आफूहरुलाई सहज भएको बताएका छन।

दैनिक गुजाराको लागि ज्यालामजदुरी गर्नुपर्ने बाध्यताका कारण छोराछोरीको पठनपाठनमा लगानी गर्न समस्या हुने गरेको उनीहरुको दुखेसो छ । राधनाका बुबा भरोसी सदायले आफूले नपढेर दुःख पाएकाले अब छोराछोरीले पढेर आफ्नो सपना पूरा गर्ने विश्वास व्यक्त गरे। "हामीलाई कालो अक्षर भैंसी बराबर छ। उहिले पढ्न पाइन, अहिले आएर दुःख पाइएको छ", उनले भने ,"अबको पिँढीले यस्तो दुःख नपाउँन्।"

राधनाले पनि पढेर भविष्यमा ठूलो मान्छे बन्ने सपना रहेको बताइन् । उनी भन्छिन्, "धेरै पढेर डाक्टर बन्छु, अनि आमा बाबु सबैको उपचार गर्छु।"

प्रायःजसो दलित बस्तीमा अशिक्षा र चेतानाको कमीले कुलतमा फस्ने र चाँडै विवाह गर्ने समस्या छ । अहिले सहयोगी संस्था र प्रदेश सरकारसमेतले बालबालिकाको पठनपाठनमा सहयोग गरिरहेकामा खुशी हुनुहुन्छ अभिभावक ककुलदेवी सदाय । उनका चारजना सन्तानमध्ये अहिले तीन जना पढिरहेका छन् । जेठी छोरीको कक्षा ९ को पठाई नसक्दै विवाह भइसकेको छ। बाँकी तीन सन्तानलाई नियमित स्कूल पढाइरहेको र क्लबबाट सहयोग प्राप्त हुँदा आफूलाई सहज भएको उनले बताए।

विद्यार्थी र अभिभावक मात्रै होइन, शिक्षक तथा प्रधानाध्यापकले पनि पहिलेको तुलनामा नियमित विद्यालय आउने दलित बालबालिकाको संख्या र पढाइमा लगाव बढिरहेको बताए । प्रधानाध्यापक सिंहले दलित समुदायका बालबाललिका सकेसम्म स्कूल नआउने र आए पनि बीचमै कक्षा छोड्ने समस्या रहेकामा अहिले धेरै सुधार भएको बताए।"करिब ५० प्रतिशत दलित विद्यार्थी बीचमै कक्षा छोड्थे ", उनी भन्छन ,"अहिले क्लबले सहयोग गरेका कारण नियमित विद्यालय आउने संख्या बढेको छ।"

अभिभावकले नै विद्यालय जानभन्दा गरिबीका कारण ज्याला मजदूरीको लागि भारत जान प्रोत्साहन गर्ने गरेको तीतो विगत स्मरण गर्दै प्रधानाध्यापक सिंहले अहिले भने त्यो प्रवृतिमा पनि सुधार हुन थालेको धारणा राख्नुभयो। उनका अनुसार अहिले सो विद्यालयमा कक्षा १ देखि ७ सम्म कूल दुई सय ९९ विद्यार्थीमध्ये दलित विद्यार्थीको संख्या एक सय २३ रहेको छ। इँटाटाराको दलित बस्तीबाट अहिलेसम्म दुई जनाले मात्र १२ कक्षासम्म अध्ययन गरेका छन्।

बरियापट्टी गाउँपालिका-३ स्थित जनता माध्यामिक विद्यालयका प्रधानाध्यापक वीरबल यादवले पछिल्लो समय विभिन्न संस्था र सरकारले सहयोग गरेका कारण केही परिवर्तन भए पनि मुसहर बस्तीबाट नियमित विद्यालय नआउने र बीचमै पठाइ छोड्ने समस्या कायमै रहेको बताए। उनले दलित विद्यार्थीलाई लक्षित गरी 'किशोरी शिक्षा' र 'निःशुल्क ट्र्युसन कक्षा' सञ्चालन गर्दा पनि अपेक्षित सुधार हुन नसकेको बताए । "दलित बालबालिका विद्यालयमा भर्ना हुने तर ४/५ कक्षा नपुग्दै छोडने प्रवृत्ति रहेको छ", यादवले भने । यस वर्षको एसइईमा यस विद्यालयबाट एक जना मात्र दलित विद्यार्थी उत्तीर्ण भएका थिए।

सामाजिक परिचालक विसंखेले पनि प्रदेश सरकार, दातृ निकाय र स्थानीय क्लबले सहयोग गर्दा पनि अझै करिब १० प्रतिशत बालबालिकालाई अभिभावकले स्कूल पठाउने नगरेको बताउनुभयो । बालबालिकाको सुन्दर भविष्यका लागि विद्यालय, सहयोगी संस्था र अभिभावक गरी सरोकारवाला पक्ष गम्भीर भएर लाग्नुपर्ने उनको भनाइ छ।

प्राध्यापक डा विजयप्रसाद मिश्र पनि गरिब दलित बस्तीका बालबालिकामा विद्यालय जानुपर्छ भन्ने भावना विकास हुँदै गए पनि अझै धेरै समस्या विद्यमान रहेको बताउछन। यो समस्यालाई समाधान गर्न दलित, गरिब, हरवाचरवा, सुकुम्बासी, भूमिहिन समुदायका अभिभावकमा बालबालिकालाई पढाउने इच्छा जागृत गराउने उपायको खोजी गरिनुपर्ने उहाँको मत छ । प्राडा मिश्र भन्छन, "दलित बस्तीमा गएर कुराकानी गर्दा पढेर के हुन्छ र ! जति पढे पनि जागीर पाइँदैन भन्ने मानसिकता छ । यसलाई चिर्नका लागि उनीहरुमा भरोसा दिलाउने र स्वरोजगार मूलक शिक्षण गतिविधि हुनु आवश्यक छ।" गरिब बस्तीमा परिवारको दैनिक गुजारा टार्ने आधार नबन्दासम्म शिक्षाको लक्ष्य पूरा गर्न कठिन हुने भएकाले यसतर्फ ध्यान दिन सरकार र सरोकारवालालाई उहाँको आग्रह छ।

मधेश प्रदेशका धेरै बस्तीमा बालबालिकाको पढाइमा धेरै समस्या छन् । यस्ता समस्याको पहिचान गरी समाधानको प्रयास गर्न सके लहानका यी बालबालिकामा आएको परिवर्तन जस्तै अरु ठाउँमा पनि आउँनसक्छ । यस्तै समस्यालाई मध्यनजर गर्दै दलित जनकल्यान यूवा क्लब, लहानले 'फ्रिडम फण्ड'को आर्थिक सहयोगमा सिरहाका चारवटा दलित बस्तीका बालबालिकालाई लक्षित गरी सहयोग कार्यक्रम गर्दै आएको छ। क्लबका अध्यक्ष विसङकेका अनुसार जिल्लाको औरही गाउँपालिका-४ स्थित इटाटारको दलित बस्तीमा ४२ बालबालिका, बरियापट्टी गाउँपालिका-३ बरियापट्टीमा ३६ जना, धनगढीमाई नगरपालिका-१ बाखरमा ४० जना र लक्ष्मीपुर पतारी गाउँपालिका-१ रामपुर पिपरामा ३५ दलित बालबालिकाका लागि सन् २०२१ देखि सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ।

सन् २०२४ सम्म सञ्चालन हुने यस कार्यक्रमबाट दलित बस्तीमा पढ्नुपर्छ भन्ने भावनाको विकास हुँदै गएको उनको भनाइ छ। तर यो कार्यक्रम सकिएपछि के गर्ने भन्ने अन्योल भने कायम छ। "हामीले दलित बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउन भूमिका निर्वाह गऱ्यौं।

यसबाट दलित बस्तीका बालबालिका र अभिभावक उत्साहित छन", विसंखेले भने , "अब यस कार्यक्रमको समयाबधि सकिएपछि स्थानीय सरकारले सहयोग गर्ने हाम्रो अपेक्षा छ।" औरही गाउँपालिका-४ का वडा अध्यक्ष सुरेन्द्रप्रसाद यादव वडा तथा गाउँपालिकाले कार्यक्रमलाई निरन्तरता दिने गरी छलफल भइरहेको बताउछन । उनी भन्छन , "वडाबाट दुई लाख बजेट पनि छुट्ट्याएको छ।"

## काकीको क्रुरतापुर्ण हत्या ......................

दिलिपले कवितालाई शरीरको विभिन्न भागका काटुखुट गरी करेन्ट लगाएर क्रुरतापुर्वक हत्या गरेको थियो । पछि घटनालाई ढाकछोप गर्न करेन्ट लागेर मृत्यु भएको भन्ने हल्ला फैलाइयो। घरमा कोहि नभएको बेला मौकाछोपी दिलिप उनको सुत्ने कोठामा प्रवेश गरी काकीको १४ महिने छोरालाई कुटपिट गरी घाइते बनाइ र काकीको हत्या गरेको अनुसन्धानमा खुलेको प्रहरी प्रमुख खड्काले बताए । प्रहरीलाई घटनाको खबर प्राप्त भएपछि प्रहरीको टोली घटना स्थलमा जाँदा मृतकको अनुहारमा गम्भिर चोट लागि रक्तम्य अर्धनग्न अवस्थामा शव फेला परेको थियो । तालिम प्राप्त कुकुरसहित पुगेका प्रहरी टोलीले अनुसन्धान गदै ' जाँदा दिलिपलाई शंकास्पद अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ। उनका अनुसार दिलिपको हातको बुढी औ लामा तथा घाटिको भागमा सानासाना निचोरिएको जस्तो दाग देखिएको थियो। उनको शरीर खान तलासी गर्दा उनले लगाएको अन्डरवियर भित्र मृतकले प्रयोग गर्दै आएको मोवाइल बरामद भएको छ। घटनाको समय उनले लगाइएको जिन्स पाइन्ट र भेष्टमा रगत लागेको कपडा आफ्नै घरमा ब्याग भित्र लुकाइ छिपाई राखेको अवस्थामा प्रहरीले फेला पारेको थियो। पक्राउ परेको दिलिपमाथि कर्तव्य ज्यान मुद्दा दर्ता गरी अदालतबाट म्याद लिइ थप अनुसन्धान भैइरहेको जिल्ला प्रहरीले जनाएको छ।

## सुटरसँग ५ लाखमा ..............................

रुपैया एक/डेढ महिनाभित्र दिने बताएका थिए।

तीनै जनालाई मधेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको संयुक्त टोलीले पक्राउ गर्न सफल भएको हो । सो घटनामा संलग्न रहेको अर्का भारत बिहारको खजुलीका आकाश भनिने सोनु मिश्रा सहित अझै २/३ जना फरार रहेको प्रहरीले जनाएको छ।

# अर्थतन्त्रको अवस्था सुधारका लागि प्रधानमन्त्रीद्वारा छलफल

मधेशदृष्टि
काठमाडौं, २० पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीसँग देशको वर्तमान अर्थतन्त्रको अवस्था, बैंकिङ क्षेत्रमा देखिएका समस्या र तत्काल सुधार गर्नुपर्ने विषयमा छलफल गरेका छन।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री दाहालले बैंकिङ क्षेत्रमा पछिल्लो समयमा देखिएका समस्या तथा चुनौतीका विषयमा चासो राखेको उनको निजी सविचालयले जनाएको छ।

उनले ब्याजदर घटाउन तथा तरलताको समस्याबारे मौद्रिक नीतिमा सुधारका साथै अन्य आवश्यक पहलकदमी गर्न सुझाव दिए।



छलफलमा प्रधानमन्त्रीले देशको अर्थतन्त्रमा देखिएको चुनौतीका कारण जनतामा परेको असरलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्न, अनुत्पादक क्षेत्रमा ऋण प्रवाह रोक्न तथा अर्थतन्त्रको अवस्थाबारे जनतालाई सुसूचित र सचेत तुल्याउन आवश्यक रहेको बताएका थिए ।

निजी क्षेत्रले मुलुकको अर्थतन्त्र अप्ठ्यारो अवस्थामा पुग्न लागेको भन्दै तत्काल सुधारका उपाय अवलम्बन गर्न सरकारसँग माग गर्दै आएका थिए । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स लगायतले प्रधानमन्त्री, अर्थमन्त्रीसँग भेटवार्ता गरी ब्याजदरमा स्थिरता प्रदान गर्न, पूँजीगत खर्च बढाउन अनुरोध गर्दै आएका छन्।

# नेपाल राष्ट्र बैंकद्वारा चालु पुजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन

मधेशदृष्टि
काठमाडौं, पुस २०

निजी क्षेत्रको चर्को दबाबपछि नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ संशोधन गरेको छ। गत कात्तिक १ गतेदेखि लागु भएको यो मार्गदर्शन कार्यान्वयनमा सहजीकरण होस् भनेर संशोधन गरिएको राष्ट्र बैंकले जनाएको हो । चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधनका लागि सरकार र राष्ट्र बैंकलाई निजी क्षेत्रबाट चर्को दबाब थियो।



राष्ट्र बैंकले यसअघि मार्गदर्शन कार्यान्वयनमा के-कस्तो अफ्ट्यारा छन् भनेर बैंक तथा वित्तीय संस्थाहरूबाट सुझाव लिइएको थियो । विभिन्न क्षेत्रबाट आएका सुझावलाई हेरेर मार्गदर्शन संशोधन गरिएको प्रवक्ता गुणाकर भट्टले जानकारी दिए । मुख्यगरी चालु पुँजी कर्जाको समयसीमा र कर्जा रकमको सीमा व्यवस्थापनसँग सम्बन्धित विषयमा संशोधन भएको उनको भनाइ छ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले संशोधित मार्गदर्शनले मुख्यगरी पुरानो कर्जालाई पुनःकर्जा र पुनःतालिकीकरण नगर्ने तथा आवधिक कर्जा मानेर भुक्तानी गर्न सकिने गरी नयाँ प्रावधान ल्याइएको बताए।

"कुनै ऋणीको यो मार्गदर्शन लागु हुनुभन्दा पहिलेको ऋणलाई विभिन्न कर्जा शीर्षकमा मिलान गर्नुपर्ने भएमा त्यसलाई पुनः तालिकीकरण तथा पुनःसंरचना भएको मानिने छैन। त्यसका लागि छुट्टै वर्गीकरण र 'प्रोभिजनिङ' गर्नु नपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।" उनले भने ।

यसरी कर्जा समायोजन गर्दा बैंक चालु पुँजी कर्जा मार्गदर्शनले भनेका शीर्षकमा कर्जा मिलान गर्दा थप भार नपर्ने गरी व्यवस्था गरिएको उनको छ।

यो मार्गदर्शन कार्यान्वयनमा आउनुभन्दा अघि कुनै ऋणीले साबिकको व्यवस्थाअनुसार तोकिएको सीमाभन्दा अधिक कर्जा उपयोग गरिरहेको भएमा त्यस्तो ऋणलाई आवधिक कर्जाका रुपमा कायम गरेर समायोजन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । त्यसरी समायोजनपछि कायम हुन आउने आवधिक कर्जालाई पाँच वटा किस्तामा भुक्तान गर्नुपर्ने र त्यसको समयावधि २०८० असारदेखि शुरु भएर २०८२ असार मसान्तसम्म रहनेछ। तोकिएको सीमाभन्दा बढीको कर्जालाई आवधिक कर्जा मानेर यो समयभित्र भुक्तानी गर्न सकिने व्यवस्था संशोधित मार्गदर्शनमा राखिएको तर कुनै ऋणीले २०८२ असार अघि नै सबै ऋण भुक्तानी गर्न चाहेमा अग्रीम भुक्तानी शुल्क (प्रिपेमेन्ट चार्ज) नलिने पनि राष्ट्र बैंकले जनाएको छ।

तथा तथा वित्तीय संस्थाको 'पोर्टफोलियो' कति समायोजन भयो वा यो मार्गदर्शनअनुसार कति ऋणीको ऋण समायोजन भयो भन्ने तथ्याङ्कको मासिक रुपमा विवरण राष्ट्र बैंकलाई बुझाउनुपर्नेछ।

त्यस्तै, यसअघि "समग्र बैंकिङ प्रणालीबाट कूल रु ५० लाख वा सोभन्दा कम चालू पुँजी कर्जा उपयोग गर्ने कर्जाको हकमा यो मार्गदर्शनको व्यवस्था अनिवार्य हुनेछैन, भन्ने व्यवस्था रहेकोमा त्यसलाई बढाएर रु १ करोड वा सोभन्दा कम चालु पुँजी कर्जा उपयोग गर्ने ऋणीका हकमा यो व्यवस्था कार्यान्वयन नहुने व्यवस्था राखिएको छ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाले 'पर्मानेन्ट क्यापिटल निड' को लागि कम्तीमा पाँच वर्षको आवधिक प्रकृतिको कर्जा प्रदान गर्न सकिने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरेर तीनदेखि १० वर्षसम्मको आवधिक कर्जा प्रदान गर्न सकिने व्यवस्था ल्याइएको छ। तीनदेखि १० वर्षसम्मको अवधिभन्दा पहिल्यै कर्जा भुक्तानी गर्न चाहने ऋणीका लागि प्रिपेमेन्ट चार्ज नलिने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ । चालु पुँजी प्रयोजनको आवधिक कर्जाको सीमा निर्धारण गर्दा कम्तीमा पाँच वर्षको अनुमानित वित्तीय विवरण लिनुपर्ने व्यवस्था रहेकामा अहिले त्यसलाई तीन वर्ष बनाइएको छ । त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूले कर्जा सीमा अनुमान गर्दा आफ्नो सञ्चालन खर्च एवं अनुमानित कोष प्रवाहलाई समेत आधारमा रुपमा लिन सक्नेछन् । चालु पुँजी कर्जाको अनुगमन तथा व्यवस्थापनसम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ । बैंक तथा वित्तीय संस्थाले कम्तीमा तीन महिनामा एकपटक चालु सम्पत्ति र चालु दायित्वको निरीक्षण र वर्षको एकपटक अनिवार्य आकस्मिक निरीक्षण गरी सोको प्रतिवेदन कर्जा फाइलमा अद्यावधिक राख्नुपर्ने व्यवस्था रहेकोमा त्यसलाई संशोधन गरिएको हो।

## सम्पतिका लागि सुटर ...........

गरेको छ । प्रदीपलाई क्रिया बसेको अवस्थामा घरबाटै, सुटर रञ्जितलाई घर जाने क्रममा बसबाट र प्रहरी हवलदार उदयलाई जनकपुरबाटै पक्राउ गरिएको प्रहरी उपरिक्षक विश्वराज खड्काले जानकारी दिएका छन । दुईवटा बिहे गरेका मृतक धनुषधारीको दुवै श्रीमतिका छोराछोरीसँग सम्पतिका लागि धनुषधारीको विवाद हुँदै आएको थियो। घरायसी विवादले तंग भएर प्रदीपले आफ्ना भिनाजु उदयसँग योजना बनाई सुटर लगाएर आफ्ना बुवाको हत्या गरायो। प्रहरीले पक्राउ परेकाहरु विरुद्ध कर्तव्य ज्यानको मुद्दा दर्ता गरी अदालतबाट अनुसन्धानका लागि समय लिए थप अनुसन्धान प्रक्रिया अघि बढाएको र फरार रहेका व्यक्तिहरुको खोजी कार्य जारी रहेको प्रहरी प्रमुख खड्काले पत्रकार सम्मेलनमा बताए।

## यसरी बुनियो दास हत्याको .....

नम्बर नखुलेको प्रदीपको मोटरसाइकलमा सवार भई रञ्जित सहितको दुई जना अपरिचित दुईजना व्यक्तिहरु आफ्नो बिग्रको दमकल बनाउन छ भनी भन्यो।

दमकल बनाउन कुराकानी गर्दैगर्दा रञ्जितले निज धनुखधारीसँग सुर्ति मागी बनाएर समेत खाए। सो स्थानमा रहेका अर्का एक व्यक्ति गएपछि रञ्जितले आफ्ना दाहिने साईडको कम्मरमा राखेको कटुवा पेस्तोल निकालेर उनको बाँयापट्टीको कोखामा प्रहार गरेर मोटरसाइकलमा सवार भएर भारततर्फ भागे।

गोली लागेर घाइते भएका धनुखधारीको प्रादेशिक अस्पतालमा उपचार गराउनका लागि लग्ने क्रममा बाटोमै मृत्यु भएको थियो। घटना भएकै दिनदेखि प्रहरीले अनुसन्धान थालेको थियो।



सेमाराङ, जनवरी ३, २०२३ (सिन्ह्वा) -- जनवरी ३, २०२३, इन्डोनेसियाको सेमराङ, सेन्ट्रल जाभाको एउटा गाउँमा बाढीको पानीमा काठको राफ्टसहितको मोटरसाइकल सार्न मानिसहरू।
*तस्बिरः रहमान इन्द्रा/सिन्ह्वा*

# इन्धन अभाव र चर्को मूल्यवृद्धिले नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा बितेको सन् २०२२

काठमाडौँ, २० पुस
लगातार उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य, कोरोना महामारीले विश्व आपूर्ति शृ͂खलामा जटिलता थपेका बेला नया वर्षको पहिलो महिना सकिनासाथ सुरु भएको युक्रेन युद्धबाट युरोपमा मात्र नभई विश्वव्यवस्था नै अनिश्चयतर्फ धकेलिएका बेला विगतका विषम ऊर्जा सङ्कटलाई सम्झदै त्यसबाट पार पाउन सन् २०२२ मा नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा अध्ययन अनुसन्धानका प्रयासहरू भएका छन् ।

दक्षिण एशियाली क्षेत्र अथाह जलस्रोतको भण्डार भएकाले स्वच्छ ऊर्जा उत्पादन र विकासमा यस भेगका राष्ट्रले केही उल्लेखनीय काम गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव भएपछि चीन र भारतलगायत देश पनि ऊर्जा सङ्कटको चपेटामा पर्‍यो । दुई करोड २० लाख जनसङ्ख्या भएको श्रीलङ्का सात दशकयताकै सबैभन्दा खराब ऊर्जा सङ्कटसँग झैल्दे टाटपल्टियो ।

वर्षैभरि भारतमा बिजुलीको उच्च माग रह्यो । भारतले देशको उत्तरी भागमा तीव्र गर्मीको लहर चलेकाका बेला बिजुलीको माग बढेको, अर्थतन्त्र विस्तार भएको र लाखौं घर विद्युतीकरणमा परेपछि ऊर्जामन्त्री आरके सिंहले नवीकरणीय ऊर्जाको विकासमा सन् २०२२ मा जोड दिएकाले त्यो सम्भव भएको सार्वजनिक रूपमा बताउनुभयो ।

देशमा नवीकरणीय ऊजाको कूल क्षमता ३० गिगावाट पुगेकोतर्फ लक्ष्य गर्दै उहाँले त्यसो भन्नुभएको हो । मोदी सरकारले आठ वर्षको अवधिमा उत्पादन क्षमतामा ठूलो वृद्धि, देशलाई एउटै प्रसारण ग्रिडमा समाहित गर्ने र वितरण प्रणालीको सुदृढीकरणले २३ देखि २३ दशमलव पाँच घन्टा विद्युत् आपूर्ति सुनिश्चित भएको दाबी गर्‍यो ।

केन्द्रीय राजधानी नयाँदिल्लीमा गत अक्टोबरदेखि विद्युत् अनुदान माग गर्नेलाई मात्रै उपलब्ध गराउने गरी सरकारले नयाँ नीति लागू गर्‍यो । 'अनुदान उपलब्ध गराउनु पर्दैन, म बिजुलीको बिल तिर्न सक्छु' भन्ने नागरिकलाई सरकारले अनुदान नदिने नीति अख्तियार गर्‍यो । राष्ट्रिय राजधानीका उपभोक्ताले २०० युनिटसम्म बिजुलीको 'शून्य' र प्रतिमहिना २०१ देखि ४०० युनिट विद्युत् खपत गर्दा ८०० भारु बराबरको छुट पाउने गरेका थिए । नयाँदिल्लीमा दुई महिनाभन्दा बढी समय बिजुली कटौती भयो । इण्डियन प्रिमियर लिग ९आइपीएल० भइरहेका



बेला उद्योगको बिजुली काटेर घरघरमा आपूर्ति गरियो तर ३२२ जिल्लाका २१ हजारभन्दा बढी नागरिकमाझ गरिएको सर्वेक्षणमा हरेक तीनमध्ये दुई घरले विद्युत् कटौतीको सामना गरेका देखायो । विश्वको तेस्रो ठूलो कोइला भण्डार भएको देशमा कोइला अभावले उत्पन्न ऊर्जा समस्या समाधान गर्न भारत सरकारले नवीकरणीय ऊर्जातर्फ गम्भीर भएर लाग्ने योजना अघि बढायो ।

संसारभर नै कोइलाका आधारित ऊर्जा उत्पादन प्लान्टहरु संकटमा परेपछि विभिन्न विकल्पहरुको खोजी शुरु भयो । इण्डोनेसिया र अष्ट्रेलियाका आपूर्तिकर्तालाई भ्याइनभ्याइ भयो -मागअनुसार आपूर्ति गर्न यस्तो अवस्थामा वैकल्पिक र नवीकरणीय ऊर्जाको विकास प्रक्रियाले गति लिएको भए पनि त्यसले मागअनुसार अविच्छिन्न आपूर्ति गर्न सक्ने अवस्था छैन । सौर्य ऊर्जा केन्द्रहरूले दिउँसो मात्रै बिजुली दिने भएकाले रातको आवश्यकता पूर्ति हुन सकेको छैन । वायु ऊर्जा पनि हरपल उत्पादन हुने सुनिश्चिता छैन तर स्वच्छ ऊर्जा उत्पादन सरकारी प्राथमिकतामा रह्यो ।

तयारी पोशाकलगायत वस्तुको निर्यातका कारण आर्थिक उन्नयनका दिशामा लागेको दक्षिण एशियाको 'राइजिङ टाइगर' बङ्गलादेशमा पनि ऊर्जाको चरम सङ्कट व्यवस्थापन गर्न बेलुका ८ बजेपछि बजार बन्द गर्नुपर्ने कडा र बाध्यकारी नियम सार्वजनिक भयो । यो नियम देशैभरी लागू भयो ।

पेट्रोलियम पदार्थको मूल्य वृद्धि विश्वव्यापी समस्या बनेकाले मितव्ययी बन्दा व्यापार घाटा पनि केही कम भयो ।

बाढीपहिरोबाट पीडित पाकिस्तानमा आर्थिक सङ्कटसँगै पानीको ठूलो समस्या हुँदा कृषि क्षेत्रका साथै निर्यातजन्य उद्योग नराम्ररी प्रभावित भएभने ऊर्जा प्रणालीमा समेत समस्या भयो । देशको कुल गार्हस्थ्य उत्पादनमा २३ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा अन्योल छायो ।

बाँधमा पानीको सतह शून्यतर्फ झरेकाले राष्ट्रिय सुरक्षा जोखिममा परेका समाचार सार्वजनिक भए । जलस्रोतको संरक्षणका लागि साना बाँध बनाएर पानीको अभाव सम्बोधन गर्न ध्यान नदिँदा राष्ट्रिय स्तरमा खानेपानी व्यवस्थापन चुनौतीपूर्ण बन्यो । सन् १९९१ यताकै सबैभन्दा धेरै पानी कटौतीको भएको वर्ष बन्यो सन् २०२२ ।

दक्षिण एसियाका धेरै देश अहिले ऊर्जा उत्पादनका लागि ग्यासमा अत्यधिकरुपमा निर्भर छन् । ऊर्जा उत्पादनमा बङ्गलादेशमा ६० प्रतिशतभन्दा बढी र पाकिस्तानमा झण्डै आधाभन्दा बढी अंश ग्यासले ओगटेको छ । यस्तो अवस्थामा भारत र बङ्गलादेशमा योजनाबद्धरुपमा ग्यास पूर्वाधारमा क्रमशः करिब २९।५ अर्ब अमेरिकी डलर र १६।५ अर्ब अमेरिकी डलर लगानी हुने अनुमान गरिएको छ । पाकिस्तानमा २।५ अर्ब अमेरिकी डलर लगानीको ग्यास पाइपलाइन निर्माणकार्य अर्को वर्षदेखि सुरु हुने अनुमान गरिएको छ ।

एक अध्ययनअनुसार जुन गतिमा ऊर्जा उत्पादन भइरहेको छ, त्यसले हरेक वर्ष कार्बन उत्सर्जन १४ प्रतिशतले बढाइरहेको छ । त्यसले यो शताब्दीमा १।५ डिग्री सेल्सियस तापक्रम कायम गर्ने लक्ष्य भेटाउँदैन । खनिज इन्धनले विश्वको बिजुली र हरितगृह ग्यास उत्सर्जनको दुई तिहाइ हिस्सा ओगटेको छ । तर सन् २०१८ मा खनिज इन्धनबाट हुने वायु प्रदूषणले ८० लाखको ज्यान लिएको हामीले बिर्सेका छैनौँ । जैविक इन्धनमा भर नपर्ने गरी बिजुली उत्पादन गर्नेतर्फ लाग्नुपर्नेमा सहमति भएकले अब आणविक वा नवीकरणीय ऊर्जा उत्पादनतिर लाग्नुको विकल्प छैन । ऊर्जाको लागि कोइला, ग्यास र तेलमाथिको निर्भरताबाट मुक्त हुन सबैभन्दा व्यावहारिक कदम आणविक र नवीकरणीय ऊर्जा उत्पादन बढाउनु हो ।

जलवायु परिवर्तनले निम्त्याएको सङ्कटको बीचमा खनिज इन्धनको प्रयोग झन्झटिलो हुँदै गयो । पृथ्वी क्रमशः तात्दै गएको छ । विश्वले कार्बन उत्सर्जन घटाउने लक्ष्य हासिल गर्न सकेको छैन भने अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता पनि कार्यान्वयन नभई वर्ष २०२२ विश्वबाट बिदा भएको छ ।रासस

# सन् २०२३ मा युक्रेन युरोपियन युनियन र नेटोमा सहभागी हुने



किभ , २० पुस
युक्रेनका प्रधानमन्त्री डेनिस सामियलले सन् २०२३ मा युक्रेनले गर्ने कामहरुको प्राथमिकता तोक्नुभएको छ । उहाँले युक्रेनले आगमी वर्षमा गर्ने कामहरुका १० ओटा प्राथमिकता तोक्नुभएको समाचारमा जनाइएको छ ।

ती प्राथमिकतामध्ये प्रधानमन्त्री सामियलले युक्रेन युरोपियन युनियनमा सहभागी हुने देखि लिएर नेटोको सदस्यता लिनेसम्म रहेको बताइएको छ ।

उहाँले आगामी वर्ष युक्रेनको विजयको वर्ष हुने पनि सो प्राथमिकतमा जनाएका छन ।उनले भनेका छन - आगामी वर्ष युक्रेनेको विजयको वर्ष हुनेछ, हामीले जित्नेछौँ सन् २०२२ को विध्वंसपछिको पुनर्निमार्णका लागि हामी लाग्नेछौँ ।

उनले रुसले गरेको आक्रमणबाट भएको क्षतिको निर्माण यसै वर्ष गरिने पनि जानकारी दिएका छन । उनले सबैभन्दा पहिलो प्राथमिकता यहाँको सुरक्षा व्यवस्थालाई मजबुद बनाउने रहेको भन्दै यसका लागि देशको सेनालाई सहयोग गर्ने पनि रहेको बताएका छन । उहाँले उर्जा, देशको आर्थिक क्षेत्रको विकास र विस्तार तथा युद्धमा युक्रेनका तर्फबाट लडेका योद्धाहरुलाई सम्मान गर्ने काम पनि यसै वर्षको प्राथमिकतामा रहेको बताएका छन ।

उनले सार्वजनिक प्रशासनमा सुधार, शिक्षाको विकास र विस्तार देशका उर्जाको विकास र विस्तार लगायतका कार्यक्रमहरु यस वर्षमा गरिने कार्यक्रम पनि रहेको उहाँले बताएका हुन ।

युक्रेनमा गत फेब्रुअरी महिनादेखि रुसले निरन्तर रुपमा हमला गरिरहेको छ । हतियारका माध्यमबाटै गरेको आक्रमणले युक्रेनको राजधानी किभलगायतका कैयौँ सहरका संरचनामा क्षति पुगेको छ । (रासस/सिन्ह्वा)

# नेपाल टी-ट्वान्टी लिग क्रिकेट : लुम्बिनी अल स्टार विजयी



काठमाडौ २० पुस
पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिग क्रिकेटमा लुम्बिनी अल स्टारले काठमाडौँ नाईट्सलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा लुम्बिनीले काठमाडौँलाई एक सय दुई रनले पराजित गरेको हो । सत्र ओभरमा छोट्याइएको खेलमा लुम्बिनीले दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको काठमाडौँ १५ दशमलब ४ ओभरमा सबै विकेट गुमाएर मात्र ८१ रनमा समेटियो ।

काठमाडौँका लागि बसिर अहमदले २२ तथा कमलसिंह ऐरीले १६ रन बनाए । त्यस्तै कप्तान ज्ञानेन्द्र मल्ल र लोकेश बमले समान १५/१५ रनको योगदान दिए । बलिङतर्फ लुम्बिनीका लागि ह्यारी टेक्टर, कुशल भुर्तेल र इशान पाण्डेले समान दुई/दुई विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले १७ ओभरमा ६ विकेट गुमाएर एक सय ८३ रन बनायो । लुम्बिनीका लागि हरमित सिंहले ७० रनको योगदान दिए । यस्तै लाहिरु मिलान्थाले २६, गुलसन झाले २१, ह्यारी टेक्टरले १७, अनिल शाहले १६ तथा कुशल भुर्तेल १५ रन बनाए । बलिङतर्फ काठमाडौँका लागि अभिनाश बोहोराले तीन तथा बसिर अहमदले दुई विकेट लिए ।

जितसँगै लुम्बिनीले हालसम्म खेलेको नौ खेलमध्ये आठमा जित र एकमा हारका साथ १६ अङ्कसहित शीर्ष स्थानमा छ । हारसँगै काठमाडौँले आठ खेलमध्ये चारमा जित र चारमा हारका साथ आठ अङ्क जोडेको छ । काठमाडौँ अङ्क तालिकाको तेस्रो स्थानमा छ ।रासस

# संरक्षण अभावमा लोप हुँदै रैथाने खेल

लुम्बिनी २० पुस
मधेसलगायत देशका प्रायः सबै क्षेत्रबाट परम्परागत रैथाने खेल लोप हुँदै गएका छन् । विगत तीन दशकको अवधिमा केही रैथाने खेल लोप भइसकेका र केही लोपोन्मुख अवस्थामा पुगेका छन् ।

नेपालको राष्ट्रिय खेलको उपमा पाएको कपर्दी र डन्डिबियो अहिले लोपोन्मुख अवस्थामा छन् । त्यसैगरी बढी खेलिने कुस्ती, चिक्का, लच्चिकडाँडी चटकी-डाँड र लट्ठी लगायतका खेल देखिन छाडेका छन् ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुद शब्दलाई परिभाषित गर्ने क्रममा परम्परागत रैथाने खेललाई खेलकुदभित्र समेटेको भए पनि त्यसको आधिकारिकता, संरक्षण र विकासका लागि कुनै पहल गरेको देखिएको छैन । परम्परागत रैथाने खेलप्रति सरकारले कुनै चासो नदेखाएको खेलप्रेमी रमेस कुर्मीको गुनासो छ । उनले भने , "मधेसका लोकप्रिय खो-खो, आठ-काठ, गोबरतोतो, आइस-पाइस, लङ्गड-गोटी, आँखा छोप्ने, खेल त देख्नै पाइएको छैन ।"

बालबालिकामा मोबाइल र इन्टरनेटप्रति बढ्दो आकर्षणका कारण बालापनका रैथाने रोमाञ्चक खेल दिन प्रतिदिन लोप हुँदै गएको मधेस मानव अधिकार गृह (माहुरी-होम) कपिलवस्तुका वरिष्ठ उपाध्यक्ष तथा अवधि संस्कृतिका स्थानीय अभियानकर्ता रामदयाल ठाकुरले बताउनुभयो । उनले भने , "पातलाई पैसा मानेर त्यसैबाट सरसामानको खरिद बिक्री गर्ने, रूखको हाँगा हल्लाएर मोटर चढेको महुसस गर्ने वा सलाईको बट्टालाई धागोले जोडेर बनाएको टेलिफोनमा साथी सँगी मिलेर कुराकानी गर्दै खेल्ने बालापनका रोमाञ्चक खेल अहिले लोप भएर गएका छन् ।" "भँवरा, मौरी वा झिङ्गालाई सलाईको बट्टाभित्र राखेर 'रेडियो' बजाउनेदेखि तितली कीराको खुट्टामा धागो बाँधेर उडाउँदै-तान्दै लिइने मनोरञ्जन अहिले केवल इतिहास भएका छन", उनले भने , "प्रविधिको विकाससँगै अहिलेका बालबालिकाहरू शारीरिक अभ्यास हुने खेल खेल्न छाडिसकेका छन् ।""हाम्रो पालामा कागजका डुङ्गा बनाएर पानीमा तैराइन्थ्यो । चङ्गा उडाउने प्रतिस्पर्धा हुन्थ्यो, कागजको जहाज उडाइन्थ्यो, गोली-गुच्चा खेलिन्थ्यो । तर अहिलेका बालबालिका मोबाइलमै झुम्मिन्छन् र नानाभाँतिका खेल मोबाइलमै खेल्छन् । परम्परागत रैथाने मनोरञ्जक खेल त अब हराएर गए", उनले थपे । "अहिलेका बालबालिकाले न साथीसँगी हरुसँग हौसिँदै बालापनमा खेल्नुपर्ने परम्परागत रैथाने खेलहरु खेल्न पाएका छन्, न त यस्ता खेल खेल्न विद्यालय र अभिभावकले नै बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ ।" उनले दुखेसो पोख्दै भने , "खो-खो, दौड र कुदान (जम्प)खेल पनि हराउँदै गएका छन् ।" अहिलेका बालबालिकाहरु फ्री-फायर, पब्जी तथा युवाहरु तास र लुडो जस्ता इन्टरनेटको सहायताले खेलिने शारीरिक अभ्यास विनाका आधुनिक खेलमा एकोहोरो हुँदा सामूहिक भावनामा ह्रास आउने गरेको रामनरेश मावि धकधईमा अध्यापनरत सामाजिक विषयका शिक्षक सिद्धार्थकुमार त्रिपाठीले बताए ।उनले भने , "परम्परागत रैथाने खेलको एउटै मात्र व्यवस्थित र सर्वमान्य नियम हुँदैन । ठाउँ र खेलको लोकप्रियताका अनुसार यसका नियमहरु केही फरक हुन सक्छन् ।" परम्परागत रैथाने खेल वातावरणमैत्री हुनाका साथै आर्थिक हिसाबले पनि सस्तो रहेको कुस्ती-प्रशिक्षक पहलवान राजेन्द्र यादवले बताए ।

शारीरिक स्फुर्ति, मनोरञ्जन र भाइचाराको सम्बन्ध स्थापित गर्न सघाउने यी खेलहरु लोप हुनु जनस्वास्थ्य तथा राष्ट्रिय पहिचान सबैका लागि घाटा हो", उनले भने । "रैथाने खेलहरु देशका पहिचान, सभ्यता र संस्कृति हुन", अन्तर्राष्ट्रियस्तरमा पहिचान जमाएका पूर्वकबड्डी खेलाडी मनोज दनुवारले भने ,"यतिबेला नेपालमा क्रिकेट सङ्घ र फुटबल सङ्घबाहेक अन्य खेल सङ्घहरुले राष्ट्रिय अधिवेशनसमेत गर्न नसकेर क्लबमा परिणत भएछन्, यो यहाँका रैथाने खेलका लागि अधोगति हो ।" खेलकुद मन्त्रालयले रैथाने शारीरिक खेलको संरक्षण र विकासका लागि कुनै सार्थक पहल नगरेको कबड्डी खेलका रेफ्रीसमेत रहेका दनुवारले बताए । उनले सन् १९७० को दशकमा राष्ट्रिय खेलकुद परिषद्ले रैथाने खेलको खोजी गर्न समिति गठन गरेको भए पनि सार्थक प्रतिफल नदेखिएको उनले बताए ।

तत्कालीन समयमा कुन खेललाई अन्तर्राष्ट्रियस्तरमा लैजान सकिन्छ ? भन्ने बारेमा सुझाव माग भएको थियो । सोही अध्ययनले 'नेपालमा सबैभन्दा धेरै खेलिने खेल भलिबल हो' भन्ने देखाएको थियो । त्यतिबेला रैथाने खेलका बारेमा अध्ययन गरेर प्रतिवेदन पनि तयार पारिएको थियो तर त्यो प्रतिवेदन सार्वजनिक हुन सकेन । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुद शब्दलाई परिभाषित गर्ने क्रममा गाउँघरका केही परम्परागत रैथाने खेललाई समेत खेलकुदभित्र समेटेको छ । यस विषयमा तीन दशकअघि खोजी भए पनि पछिल्लो समय खेलकुद मन्त्रालय तथा राष्ट्रिय खेलकूद परिषद् समेतले परम्परागत खेलबारे चासो लिएको देखिएको छैन । रासस

# ईट्टा भट्टामा एक व्यक्तिको शव फेला परयो

मधेशदृष्टि
महोत्तरी, २० पुस । औरही नगरपालिकाको एक इटा भट्टामा एक पुरुषको शव फेला परेको छ ।

औरही नगरपालिका-७ स्थित रहेको :ती ईटा भट्टामा रहेको परालको छाप्रो घर भित्र एक व्यक्तिको शव फेला परेको हो । ती ईटा भट्टामा रहेको परालको छाप्रो भएको घरमा भित्र स्थानीय ५२ वर्षीय ईन्द्रदेव झाको शव बुधवार फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । ईट्टा भट्टामा झाको पत्नी खाना लिएर जादा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । झा घरमा घोप्टो परेको र दाहिने आँखा फुटेको अवस्थामा उनको शव फेला परेको परिवार जनले बता। मृतका परिवारजनले कसैले हत्या गरेर घर भित्र राखिदिएको आशंका व्यक्त गरे ।यता मृतक झाको शवलाई पोष्टमार्टमका लागि जिल्ला अस्पताल जलेश्वर पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।



वीरगन्जको नारायणी अस्पतालमा उपचार गराउन आएका बिरामीका कुरुवाहरु बुधबार जाडो छल्न आगो ताप्दै । विगत एक सातादेखि लगातार परेको शितलहरले पर्सावासीको जनजिवन प्रभावित बनेको छ। *तस्बिर : विजय कुमार महतो, रासस*

# तीन गोदाममा छापामारी, ९१९ बोरा अवैध चामल बरामद

मधेशदृष्टि

वीरगंज, २० पुस । जिल्ला प्रहरी कार्यालय पर्साले वीरगंज महानगरपालिका वडा नं. ११ रानीघाट स्थित ३ वटा अवैध चामल गोदाममा छापामारी ९ सय १९ बोरा चामल बरामद गरेको छ । भन्सार छलि गरी भारतबाट भित्र्याएर अवैध तरिकाले गोदाममा लुकाएर चामल राखिएको सम्बन्धमा आएको गोप्य सूचनाको आधारमा बुधवार छापामारी गर्दा ती अवैध चामल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय विर्ता र श्रीपुरको संयुक्त टोलीले छापामारी गरी २० र २५ किलोको दरका ९ सय १२ बोरा १३ लाख मूल्य बराबरको कतरनी, जिरा मसिनो र बासमती चामल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिएका छन्।

संयुक्त प्रहरी टोलीले वीरगंज महानगरपालिका ११ स्थित देवशरण साहको चामल गोदामबाट ३ सय ५६ बोरा, कृष्ण साहको गोदामबाट १ सय ३६ बोरा र नेपाली बाबु भनिने सुनिल साहको गोदामबाट ४ सय २७ बोरा गरी ९ सय १९ बोरा चालम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले बताएका छन्।



बरामद गरिएको चामल थप कारवाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाईएको प्रवक्ता गिरीले जानकारी दिएका छन । उनले भने 'गोदाम सञ्चालकहरुले चामलको बिल विजकहरु देखाउन सकेनन, त्यसैले बरामद गरेर भन्सार पठाएका छौं ।'

सीमानाका हुँदै वीरगञ्जको मुख्य सडकमै साइकलमा दुई, तीन बोरा चामल, आलु बोकेर ल्याउने गरेको दृश्य देख्न सकिन्छ। खुला सीमाको दुरुपयोग गर्दै व्यापारीहरुले साइकल, मोटरसाइकलमा थोरै-थोरै परिमाणमा सिमावर्ती भारतीय बजार रक्सौलबाट खाद्यान्न लगायतका सामग्री दिनहुँ भित्र्याउने गरेको छ। यसैगरी पर्साको जिराभवानी गाउँपालिकाबाट प्रहरीले अवैध रुपमा भारतबाट भित्र्याईएको ठूलो परिमाणमा रहेको चिनी र मैदा बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका क्राइम शाखाका बरिष्ठ प्रहरी नायब निरीक्षक बिनोद सिंहको नेतृत्व मा खटिएको टोलिले जिराभवानी गाउँपालिका वडा नम्बर १ बलुवाका स्थानीय गुलबहार मिया तेलिको घरमा छापामारी १३ बोरा चिनी १२ तथा बोरा मैदा बरामद गरेको छ। बरामद गरिएको चिनी र मैदा लाई आवश्यक कार्वाहीको लागि बिरगंज भन्सार कार्यालयमा पठाईएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# ३१८ विद्यार्थीलाई छात्रवृति प्रदान

मधेशदृष्टि

वीरगंज, २० पुस । वीरगञ्ज महानगरपालिकाले बुधवार एक कार्यक्रमकाबीच कक्षा ९ र ११ का ३ सय १८ जना विद्यार्थीलाई छात्रवृत्ति सिफारिस पत्र वितरण गरेको छ। बीरगंज महानगरपालिकाको टाउन हलमा आज आयोजित कार्यक्रममा नगर प्रमुख राजेशमान सिंहले विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको हो । गत कार्तिक १९ गते महानगरले लिएको छनौट परीक्षाबाट छानिएका विद्यार्थीहरुलाई एक कार्यक्रमकाबीच छात्रवृत्ति सिफारिस पत्र प्रदान गरिएको हो। सिफारिस पत्र प्रदान गर्दै महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई



अझै मेहनतका साथ अध्ययन गर्न आग्रह गरे। उनले कसैको सिफारिस र भनसुनमा नभई प्रतिष्पर्धाका आधारमा लिखित परिक्षामा उत्कृष्ट गरेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको पनि बताए । नगर प्रमुख सिंहले वीरगञ्जको सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न निरन्तर अनुगमन र निरीक्षण गर्ने कार्यमा महानगर सक्रिय भएको बताउदै अभिभावकले पनि विद्यालयमा भइरहेका कमिकमजोरीमा ध्यान दिन आग्रह गरे।

कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले मेहनती र जेहेन्दार विद्यार्थीहरुलाई अध्ययन गर्नका लागि महानगरले छात्रवृत्ति उपलब्ध गराएको भन्दै छात्रवृत्तिको सम्मान कायम राख्न विद्यार्थीलाई सुझाव दिए।

# २० विग्घा भन्दा बढी खेतको गहुँ र मसुरो डुबानमा

मधेशदृष्टि

वीरगंज, २० पुस । गण्डक नहरको लापरवाहीको कारण वाराको विश्रामपुर गाउँपालिका वडा नम्बर १ छतवा र खेसरीको २० विग्घा भन्दा बढीको गहुँ तथा मसुरो खेती डुवानमा परेको छ। नहरको पानी फुटेर डुवान हुँदा समेत नारायणी सिंचाई परियोजनाले कुनै सुनुवाई नगर्दा आफूहरु पिडित भएको स्थानिय वासिन्दाले बताएका छन । स्थानिय नागेन्द्र पंडित, हिरा साह, हरिनन्द पंडित, लाल विहारी पण्डेय, सोनु मिश्रा, जवाहिर साह लगायतको गहु तथा मुसुरो बाली ३ दिन देखि डुवानमा परी नष्ट भएको स्थानिय राम प्रवेश कुशवाहाले जानकारी दिए।

यता नारायणी सिंचाई परियोजना गण्डक नहरका सुरेन्द्र कुशवाहाले स्थानिय वासिन्दाले नहरको पानीको बन्द गर्ने गेट खसाई दिएपछि किसानको खेतमा पानी पसेको र रातको समयमा परियोजनाको कर्मचारी नबसेको अवस्थामा स्थानियकै लापरवाहीले समस्या भएको बताए । उनले उत्पन्न समस्या समाधान समेत नारायणी सिंचाई परियोजनाले गरि सकेको दावी गरे।

# उद्घोषण तथा व्यक्तित्वकला तालिम सम्पन्न

मधेशदृष्टि

वीरगंज, २० पुस । पर्सागढी नगरपालिका कार्यालयको सहयोगमा बढनिहारमा आयोजित ७ दिने उद्घोषण तथा व्यक्तित्वकला तालिम सम्पन्न भएको छ। सहज सेवा सीप विकास केन्द्र प्रा.लि.पटेर्वा सुगौली द्वारा आयोजित तालिमको समापन कार्यक्रममा पर्सागढी नगरपालिकाको प्रमुख गोकर्ण पाठकले पर्सागढी नगरपालिकाको सबै वडाहरुबाट ५ जनाको दरले किशोर किशोरी छनौट गरी ३५ जनालाई तालिम दिईएको र यसले उनीहरुको व्यक्तित्व विकासमा टेवा पुगेको बताए। नगरपालिकाकी उप प्रमुख पुजा चौधरीले ग्रामीण बालबालिका मंचमा परिचय दिन सम्म डराउने अवस्था अब तालिम र गोष्ठीले हटदै जाने दावी गरे। नगरपालिकाको प्रमुख प्रसासकिय अधिकृत छविर मरण भट्टराई लगयातले मन्तव्य व्यक्त गरेको थियो। तालिमा उत्कृष्ट ५ जना सहभागीलाई पुरस्कार समेत वितरण गरिएको थियो।

# विपन्न परिवारलाई कम्बल वितरण

मधेशदृष्टि

वीरगंज, २० पुस । अत्याधिक जाडोबाट प्रभावित विपन्न वर्गका ४० परिवारलाई बुधवार एक कार्यक्रमकाबीच संजय साईं सेवा अर्गनाइजेशन नेपालले कम्बल वितरण गरेको छ।

बीरगंज महानगरपालिका वडा नम्बर ३१ बेलवा स्वास्थ्य चौकीको परिसरमा आयोजित कार्यक्रममा अति विपन्न वर्ग परिवारका सुत्केरी, गर्भवती, एकल महिला, असक्त, अपाङ्ग व्यक्तिहरुलाई जाडो तथा शीतलहरबाट जोगाउन कम्बल वितरण गरिएको संस्थाकी महिला संयोजक लक्ष्मी पोखरेलले बताए।

वीरगंज महानगरपालिका वडा नम्बर ३१ का अध्यक्ष जितेन्द्र यादवको उपस्थितिमा सम्पन्न कार्यक्रममा रेखा कार्की, पर्सा श्रीमति चिकित्सक संघ को सदस्य अंजलि गुप्ता, पिया सिंह, मोहन प्रसाद गौरो लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमको सहजीकरण बालेश्वर प्रसाद गौरोले गरेको सामाजिक अभियनता प्रकाश थारुले जानकारी दिएका छन्।

# पब्लिक कलेजको दोश्रो जीत

मधेशदृष्टि

वीरगज, २० पुष। वीरगञ्जमा जारी दोस्रो नेशनल इन्फोटेक टी-२० क्रिकेट कप अन्तर्गत बुधबार भएको आठौं खेलमा वीरगञ्ज पब्लिक कलेज (विपिसी) ले लगातार दोस्रो जित हासिल गरेको छ।

यहाँस्थित नारायणी रङ्गशालामा जारी खेलमा विपिसीले सत्यम पब्लिक कलेजलाई ५६ रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी हासिल गरेको हो।

टस जितेर पहिलो इनीङ्गमा ब्याटीङ्ग रोजेको विपिसीले निर्धारित २० ओभर खेल्दै ९ विकेट गुमाएर १ सय ७३ रनको योगफल जोड्यो। दोस्रो इनीङ्गमा १ सय ७४ रनको टार्गेट भेटाउँन मैदानमा उत्रेको पूर्व टुर्नामेन्ट विजेता सत्यम कलेजलाई विपिसीका बलरहरुले निर्धारित २० ओभरमा ९ विकेट लिँदै १ सय १७ रनमै सिमित गरिदिए।

# निजी विद्यालयहरुद्वारा विद्यालय बन्द निर्णयको अटेरी

मधेशदृष्टि

वीरगंज, २० पुस । कठ्यांग्रिदो जाडोको कारण बालबालिका प्रभावित भएपछि पोखरीया नगरपालिकाले शुक्रवार सम्म विद्यालय बन्द गर्ने निर्णय गरेपनि केही निजी विद्यालयहरुले अटेरी गरी विद्यालय संचालन गरेका छन। पोखरिया नगरपालिकाले सोमवार एक सूचना जारी आगामी शुक्रवार सम्म विद्यालय बन्द गर्ने घोषणा गरे पनि त्यसको विपरित नगरपालिका क्षेत्रका निजी विद्यलायहरुले विद्यालय संचालन गरेको स्थानिय अभिभावकहरुले बताएका छन । विद्यालयको परिक्षा र शैक्षिक क्यालेण्डर विथोलिने भन्दै निजी विद्यालयहरुले अटेरी गर्दा बालबालिका प्रभावित भएको अभिभावकको आरोप छ।

# सडक किनारको रुख काटछांट

मधेशदृष्टि

वीरगंज, २० पुस । हरियाली वीरगंज कार्यक्रम अन्तरगत वीरगंज महानगरपालिकाले नगर क्षेत्रको आदर्शनगर तथा घण्टाघर अगाडीका सडक डिभाईडर तथा किनारका रुखहरुको काटछाट गरी सजिसजावट गरेको छ। महानगरपालिकाका हरियाली वीरगंज तथा वृक्षारोपण समितिका संयोजक जय प्रकाश खेतानको नेतृत्वमा नगर क्षेत्रका झण्डै ५ सय भन्दा बढी विरुवा तथा रुखहरुको काटछाट गरी चुना लगाएर सजिसजावट गर्ने कार्य हाल संचालनमा रहेको महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए।

# हजारौं मूल्यको सूर्ती र चिनी बरामद

मधेशदृष्टि

वीरगंज, २० पुस। भन्सार छलि भित्राउदै गरेको अवस्थामा बारा प्रहरीले ७० हजार मूल्य बराबरको सुर्ती र चिनी नियन्त्रणमा लिएको छ।

प्रहरीले बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १० मटिअर्वास्थित कटेङगरीमाई मन्दिर नजिकै सुर्ती नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी गस्ती टोलीले ५८ हजार मूल्य बराबरको ५८ केजी सुर्ती बरामद गरको बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिएका छन। अभियुक्त भने प्रहरीलाई देख्नासाथ फरार भएको र उनको खोजी कार्य भईरहेको उनले बताए।

तयसैगरी प्रहरीले बाराको सिम्रौनगढ नगरपालिका वडा नं १ सिमान बैरिया स्थित बेवारिसे अवस्थामा १२ हजार मूल्य बराबरको चिनी नियन्त्रणमा लिएको छ ।

चिनीको बोरा रहेको भनि जानकारी प्राप्त हुनसाथ प्रहरी सहायक निरीक्षक मनोज साहको कमाण्डमा खटिएको प्रहरी टोलीले चेकजांच गर्दा ३ बोरा चिनी फेला परेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए।

उनले १२ हजार मूल्य बराबरको ५० किलो चिनी नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय सिम्रौनगढमा पठाईएको बताए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल